# अध्याय : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानिस एक सामाजिक प्राणी हो । समाज बिना व्यक्ति बाँच्न सक्दैन । समाज व्यक्तिको समूह भएकाले प्रत्येक व्यक्तिमा आफ्नो परिवार, छरछिमेक, गाँउटोल हुदैं समाज राष्ट्र तथा अन्तराष्ट्रमा व्यक्ति कसरी वस्नु पर्छ ? कस्तो व्यवहार गर्नुपर्छ ? भन्ने कुराको साथै राष्ट्र के हो ? सरकार के हो ? शासन व्यवस्था के हो ? सभ्यता के हो ? जस्तो असङ्ख्य प्रश्नहरूको जवाफ बोकेको सामाजिक अध्ययन विषय आफैंमा एक महत्वपूर्ण विषय हो । यस्तो महत्वपूर्ण विषयको बारेमा प्रत्येक बालबालिकालाई ज्ञान दिने हेतुले प्राथमिक तहमा सामजिक अध्ययन विषयको पाठ्यक्रम पाठ्यपुस्तक निर्माण गरी पठन पाठनको व्यवस्था मिलाइएको छ । प्राथमिक तहमा विभिन्न विषयहरूमध्ये सामाजिक अध्ययन विषयको पाठ्यक्रमलाई एकीकृत तथा कोर (मुख्य) विषयको रूपमा राखिएको छ ।

नेपालमा सामाजिक शिक्षा विषयको पठन पाठन धेरै पहिलेदेखि भए तापनि वि.सं. १९०३ सालपछि मात्र पाठ्यपुस्तकको रूपमा विकास भएको हो । त्यसबेलादेखि खास गरेर सामाजिक शिक्षा विषय भित्र इतिहास, भूगोल, अर्थशास्त्र र नागरिकशास्त्र आदि विभिन्न विषयहरू अध्ययन गर्न पाउने व्यवस्था थियो । खास गरेर वि.सं. १९०३ देखि इतिहास, भूगोल, अर्थशास्त्र आदि विषयलाई छुट्टा छुट्टै रूपमा पढ्न पाउने व्यवस्था गरेको पनि पाइन्छ । तर पनि छुट्टा छुट्टै रूपमा पाठ्यक्रमको विकास भएको भने पाइँदैन । २००७ सालमा प्रजातन्त्रको प्रार्दुभाव भए पश्चात् शिक्षाको क्षेत्रमा व्यापक स्वतन्त्रताले गर्दा शिक्षामा सुधार हुदै गयो । वि.सं. २०११ सालदेखि शिक्षा सम्बन्धी विभिन्न आयोग र समिती गठन हुँदै आएको पाइन्छ । (शिक्षा विभाग, २०६५)

सामाजिक अध्ययन विषयलाई प्राथमिक तह देखि माध्यमिक तहसम्म सामवेश गर्न को लागि प्रथम पटक वि.स. २०११ सालमा गठित नेपाल राष्ट्रिय शिक्षा योजना आयोगले सिफारिस गरेको थियो । फलस्वरूप College of education अन्तर्गत संचालित Laboratory Shcool मा वि.सं. २०१३ सालबाट सामाजिक अध्ययन विषयको पठन पाठन सुरु भयो । (अधिकारी, २०६६)

वि.स. २०१८ सालमा गठित सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिले प्रा.वि र साधारण विषय तर्फको नि.मा.वि तहमा १०० पूर्णाङ्कको र संस्कृत तर्फ कक्षा ८ मा ५० पूर्णाङ्कको सामाजिक अध्ययन विषय राख्नु पर्ने सुझाव दिइएको पाइन्छ । (अधिकारी, २०६६)

वि.सं २०२८ सलमा गठित राष्ट्रिय शिक्षा पद्धतिको योजनाले नेपालको शिक्षा प्रणालीमा महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो । योजनाले नेपालमा योजनाबद्ध रूपमा शिक्षाको विकास गरेको पाइन्छ । परम्परागत शिक्षा प्रणालीमा व्यापक परिवर्तन गर्नुका साथै पाठ्यक्रममा शिक्षाका राष्ट्रिय, कक्षागत र

तहगत उद्देश्यहरूको निर्धारण, विषयगत उद्देश्यहरू विषयवस्तु र क्षेत्र समेत यो योजनाले स्पष्ट गरेको थियो । त्यसैले राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ ले तयार गरेको पाठ्यक्रमलाई नेपालको पहिलो, परिष्कृत र विकसित पाठ्यक्रम भन्ने गरिन्छ । राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ ले प्रा.वि र नि.मा.वि तहमा १०० पूर्णाङ्कको सामाजिक शिक्षा अनिवार्य विषयको रूपमा राखेको पाइन्छ । (अधिकारी, २०६६)

२०४६ सालमा भएको राजनैतिक परिवर्तन सँगै शैक्षिक क्षेत्रमा पनि परिवर्तन भयो । २०४९ सालमा राष्ट्रिय शिक्षा आयोगको गठन भयो । यस आयोगले पनि सामाजिक अध्ययन विषयलाई प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहमा अनिवार्य विषयको रूपमा उचित स्थान प्रदान गर्‍यो । २०४९ को पाठ्यक्रमको परिमार्जित संस्करण १-३ मा कक्षामा सामाजिक अध्ययन, विज्ञान तथा वातावरण र स्वास्थ्य शिक्षालाई सँगै गाँसी १०० पूर्णाङ्कको एकीकृत पाठ्यक्रमको रूपमा कायम गरिएको थियो । प्रा.वि तहको ४ र ५ , नि.मा.वि र मा.वि तहमा १०० पूर्णाङ्कको अनिवार्य सामाजिक अध्ययन विषय कायमै राखिएको थियो । (अधिकारी, २०६६)

शिक्षा सम्बन्धी उच्च स्तरीय कार्यसमितीको प्रतिवेदन, २०५८, प्राथमिक पाठ्यक्रमको प्रभावकारीता अध्ययन प्रतिवेदन, २०५९, सरोकारबालाहरूका राष्ट्रिय तथा क्षेत्रीय गोष्ठी/कार्यशालाहरू र परीक्षणबाट प्राप्त सुझाव आदिबाट प्राथमिक शिक्षा पाठ्यक्रममा स्थानीय विषयवस्तु र सूचना तथा सञ्चार प्रविधि सम्बन्धी विषयवस्तु समावेश गरिनुपर्ने र व्यावहारिक शिक्षामा जोड दिनुपर्ने आदि सुझाव र सिफारिस प्राप्त भए अनुसार उक्त सुझाव एवम् सिफारिस समेतलाई ध्यानमा राखी प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ लाई आवश्यक परिमार्जन गरी परीक्षणका रूपमा लागू गर्न प्राथमिक शिक्षा पाठ्यक्रम २०६० (परीक्षण) कार्यन्वयन गर्न सरकारबाट स्वीकृति प्राप्त भएको थियो । (अधिकारी, २०६६)

'राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३' ले निर्धारण गरेको शिक्षाको परिमार्जित संरचना अनुरूपको पाठ्यक्रम प्रस्तावित भई कार्यान्वयनको चरणमा रहेको छ । जस अनुसार विद्यालय तहलाई आधारभूत तह ( १-८) र मा.वि तह ( ९-१२ ) हुनेछ । आधारभूत तह ( १-८) को पाठ्यक्रममा एकीकृत र अन्तरविषयक स्वरूपको रूपमा सामाजिक अध्ययन विषय रहने व्यवस्था छ । यस विषय अन्तर्गत नागरिक शिक्षा, नैतिक शिक्षा, र वातावरण शिक्षा समेत समावेश गरिएको छ । (अधिकारी, २०६६)

प्राथमिक शिक्षा पाठ्यक्रमको परिमार्जित प्रारूप अनुसार शिक्षाका राष्ट्रिय उद्देश्यहरू प्रत्येक व्यक्तिमा अर्न्तनिहित प्रतिभा र व्यक्तित्व विकासका सम्भावनाहरूलाई प्रस्फुटित गर्न सहयोग गर्ने, प्रत्येक व्यक्तिमा निहित सार्वभौम मानवीय मूल्यका साथै राष्ट्रिय संस्कृति र अस्मिता,सामाजिक मान्यता र आस्थाहरूको सर्वद्धन गरी जीवन्त अनुभवहरू समेट्दै स्वस्थ सामाजिक तथा सामूहिक जीवन पद्धतिको विकास गर्न चरित्रवान एवम् नैतिकवान् नागरिक तयार गर्ने, स्थानीय, राष्ट्रिय स्तरका व्यावसाय पेशा एवम् रोजगारीका साथै आवश्यकता अनुसार अन्तर्राष्ट्रिय रोजगारी तर्फ उन्मुख उत्पादनमुखी र सीपयुक्त

नागरीक तयार गर्न सहयोग गर्ने, व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक एकतालाई सुदृढ बनाउने, समाजको आधुनिकीकरणमा सहयोग गरी देश निर्माणका निम्ति मानव संसाधनको विकास गर्ने, प्राकृतिक वातावरण र राष्ट्रिय सम्पदाको संरक्षण र सदुपयोग गर्न सहयोग गर्ने, सामाजिक असमानता र न्यायबारे चिन्तन गदै तदनुरूपको आचरण विकास गर्ने र समावेशी समाज निर्माणमा मद्दत गर्ने, स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश अनुकूल शान्ति, मैत्री, सद्भाव, सहिष्णुता र विश्वबन्धुत्वको भावनाको विकास गरी तदनुरूपको आचरण गर्न गराउने र हरेका प्रकारका द्वन्द्व व्यवस्थापनका लागि सक्षम नागरिक तयार गर्ने, आधुनिक सूचना प्रविधसँग परिचित भई त्यसको प्रयोग गर्न सक्ने विश्व परिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने, राष्ट्र, राष्ट्रियता, लोकतन्त्र, मानवअधिकारप्रति सम्मान गर्ने, समालोचनात्मक तथा रचनात्मक सोच भएका, स्वाभिमानी तथा अरुलाई सम्मान गर्ने र आफू नेपली भएकामा गौरव गर्ने नागरी तयार गर्ने र नेपाली कला, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, संवर्द्धन र विस्तार तर्फ अभिप्रेरित नागरिक तयार गर्न मद्दत गर्ने रहेको छ ।

यसै गरी प्राथमिक तहको पाठ्यक्रम अनुसार प्राथमिक शिक्षाका उद्देश्य राष्ट्र, राष्ट्रिय एकता र लोकतान्त्रिक संस्कारको भावना पैदा गराई  नैतिकता अनुशासन र स्वावलम्वन जस्ता सामाजिक एवम् चारित्रिक गुणको विकास गर्ने, आधारभूत भाषिक तथा गणितीय सीप विकास गर्ने, विज्ञान सूचना प्रविधि, वातावरण र स्वास्थ्य सम्बन्धी आधारभूत ज्ञान तथा जीवनउपयोगी सीपको विकास गर्ने, कला सौन्दर्यप्रति अभिरुचि जगाई सिर्जनशील सीपको विकास गर्ने, विभिन्न जातजाति, धर्मभाषा, संस्कृति र क्षेत्रप्रति सदभाव जगाई समावेशी समाजको निर्माणमा सहयोग पुऱ्याउने, मानवअधिकार  तथा सामाजिक मूल्य मान्यताप्रति सचेत भई जिम्मेवार पूर्ण आचरणको विकास गर्ने रहेको छ । (कैयुम, २०६४)

यस्तै प्राथमिक तहको सामाजिक विषयको साधारण उद्देश्यहरू आफू, आफ्नो परिवार छरछिमेकको परिचय दिन, सामाजिक कुरीति, छुवाछुत, अन्धविश्वास आदि विरुद्ध सचेत रहन, आफ्नो समुदायका रहनसहन, वेषभूषा, विभिन्न जातजाति, भाषा, लिङ्ग, पेसा, धर्म तथा चाडपर्वप्रति सदभाव राखी सम्मान र सहयोग गर्न, आफ्नो देशप्रति माया श्रद्धा, भक्तिभाव देखाउन तथा लोकतान्त्रिक मूल्य र मान्यताअनुसार आचरण गर्न, स्थानीय समुदाय तथा राष्ट्रियस्तरका ख्यातिप्राप्त व्यक्तिहरूको कामबाट प्रेरणा लिन र उनीहरूलाई सम्मान गर्न, समाजमा रहेका विभिन्न सामाजिक समस्या पहिचान गरी समाधानका लागि सहयोग गर्न, मानव अधिकार, बालअधिकार र कर्तव्यप्रति सचेत रही व्यावहारिक जीवनमा उपयोग गर्न, सामाजिक शिष्टाचार तथा नियमहरू पालना गर्न, विभिन्न स्थानीय निकायहरू ( वडा, गाविस/नगरपालिका र जिविस) को संरचना र कार्य वताउन, आफु रहेको वरिपरी भौगोलिक स्वरूप अध्ययन गरी वर्णन गर्न र नक्सा बनाउने अभ्यास गर्न, पृथ्वीको सङ्क्षिप्त परिचय दिन र नेपालको भौगोलिक स्वरूपको वर्णन गर्न,छिमेकी राष्ट्रहरूको सङ्क्षिप्त परिचय दिन, आफ्नो समुदाय तथा राष्ट्रको ऐतिहासिक पृष्ठभूमि वताउन र ऐतिहासिक वस्तुहरूको खोजी गर्न, श्रमको सम्मान गर्न तथा

श्रम गर्ने र मितव्ययी हुने वानी वसाल्न, स्थानीय स्तरमा रहेका आर्थिक क्रियाकलापको अवलोकन गरी वर्णन गर्न र त्यसमा सक्दो सहयोग पुऱ्याउन सक्ने कार्यहरू रहेका छन् । (कैयुम, २०६४)

यसरी शिक्षाको राष्ट्रिय उद्देश्य,प्राथमिक तहको शिक्षाको मूलभूत उद्देश्य, र प्राथमिक तहको सामाजिक विषयको उद्देश्य प्राप्तिका लागि बालकेन्द्रित गरी बालबालिकामा अर्न्तनिहित क्षमताको विकास गर्ने, दैनिक व्यवहारमा आईपर्ने साधारण लेखाई पढाइ र हिसावसम्बन्धी सीपको विकास गर्ने, जीवनउपयोगी मूल्य, मान्यता र आस्थाहरूको संवर्धन गरी इमानदरिता, स्वावलम्बन, श्रमशिलता जस्ता गुणहरू र नागरिक, वैज्ञानिक र वातावरणीय चेतनाको विकास आदिमा केन्द्रित शिक्षण क्रियाकलापहरू गरिनु पर्दछ । सामाजिक अध्ययन जस्तो विषय बालबालिकाको व्यावहारिक जीवनसँग प्रत्यक्ष सम्बन्ध राख्ने राख्ने विषयको शिक्षणलाई शिक्षकबाट गरिने व्याख्यात्मक शिक्षणबाट निरस र अर्थहिन त गराउँदछ नै शिक्षण सिकाइमा यस्तो विधिबाट शिक्षण सिकाइ प्रभावकारी नहुन सक्छ । विद्यार्थीहरूले ज्ञान, सीप र धारणा प्राप्त गर्न शिक्षण सिकाइ क्रियाकलाप सान्दर्भिक हुन पर्दछ । सामाजिक अध्ययन विषय मानवीय सम्बन्धबारे अध्ययन गर्ने विषय भएको र सामाजिक अध्ययनको विषयवस्तु सामाजिक शास्त्रभित्र रहेका विषयवस्तुहरूलाई एकीकृत गरी तयार पारिएको हुन्छ । यसमा कुनै एउटा क्षेत्रका विषयवस्तु नभई मानवीय सम्बन्धसँग प्रत्यक्ष सम्बन्ध राख्ने विभिन्न विषयहरूको क्षेत्रहरूलाई समायोजन गरी तयार गरिएको हुन्छ । विषयवस्तुका धारणाहरूलाई प्रष्ट पार्न शिक्षण सिकाइ क्रियाकलापहरू प्रभावकारी हुनुपर्दछ । यस विषयको अध्ययन अध्यापनमा शिक्षकले विद्यार्थीहरूलाई नक्सा ग्लोव अध्ययन, अवलोकन, वर्णन, चित्राङ्कन, वर्गीकरण, क्रम मिलाउने, अर्थ्याउने, प्रयोग गर्ने, व्यवस्थित गर्ने समस्या समाधान गर्ने, अभिलेख अध्ययन गर्ने अनुमान गर्ने, सूचना सङ्कलन जानकारी दिने जस्ता ज्ञान सीपहरूको विकास गराउन अर्थपूर्ण शिक्षण सिकाइ क्रियाकलापहरूको व्यवस्था मिलाउनु पर्ने हुन्छ । सामाजिक अध्ययन विषयको शिक्षण सिकाइ गर्नुको मुख्य उद्देश्य विद्यार्थीहरूलाई उनीहरूको सामाजिक, धार्मिक, सांस्कृतिक र भौतिक वातावरणसँग सम्बद्ध विषयवस्तुप्रतिको ज्ञान, सीप र अभिवृत्तिको सिकाइ विकास गराउन प्रयोगात्मक शिक्षण विधिलाई महत्व दिदैं विद्यार्थी स्वंयबाट समस्याको पहिचान र समाधानका उपायहरू पहिल्याई आफ्नो विचार, सीप, दक्षता तथा रुचिका आधारमा व्यक्ति परिवार समुदायको विकासप्रति आकर्षित हुन र असल नागरीक वन्न मद्दत पुगोस् भन्ने हो । यही उद्देश्य अनुरूपको शिक्षण प्रणालीमा विषयवस्तुका आधारमा शिक्षण सिकाइ क्रियाकलापहरू गर्नुपर्ने हुन्छ ।

शिक्षण क्रियाकलाप भन्नाले अपेक्षित उद्देश्य प्राप्तिका लागि कक्षाकोठामा गरिने त्यस्तो क्रियाकलाप हो, जसमा विषयवस्तुको प्रकृति, कक्षाकोठाको वातावरण, विद्यार्थीको रुचि, चाहना, सहभागिता र शिक्षक विद्यार्थी विच हुने सम्पूर्ण शैक्षिक क्रियाकलापलाई शिक्षण सिकाइ क्रियाकलाप भन्ने गरिन्छ । सामाजिक अध्ययन गर्ने शिक्षकहरूले साथैं आफ्ना विद्यार्थीहरूलाई सामाजिक अध्ययन पाठ्यक्रममा उल्लेख गरिएका उद्देश्य अनुसारको प्रयोगात्मक क्रियाकलापमा संलग्न गराएको हुनपर्दछ । विद्यार्थीहरूलाई यी

क्रियाकलापमा संलग्न गराउन सकेको खण्डमा मात्र सामाजिक अध्ययन शिक्षणलाई प्रभावकारी मान्न सकिन्छ । (शैक्षिक ज्योति राष्ट्रिय द्वैमासिक, २०६१, साउन भदौ, पृ. ७५)

यसै सन्दर्भमा नेपालमा कक्षा ५ मा शिक्षण गरीने सामाजिक शिक्षा विषयको शिक्षण क्रियाकलापको अवस्था कस्तो छ ? के कस्तो शिक्षण क्रियाकलाप अपनाइएको छ ? शिक्षण सिकाइ क्रियाकलापमा शिक्षक र विद्यार्थी के कति सक्रिय छन् ? आदि कुराको अध्ययन गरी शोधको निष्कर्ष निकालिएको छ ।

## १.२ समस्याको कथन

नेपालको शैक्षिक क्षेत्रमा यतिबेला धेरै योजना,कार्यक्रम तथा सभा सम्मेलनबाट सरकारी विद्यालयको शैक्षिक गुणस्तर राम्रो भएन भन्ने व्यापक गुनासो रहेको पाइन्छ । देशको शासन प्रणाली र योजना कार्यक्रमलाई समय सापेक्ष परिमार्जन र परिस्कृत गरी गुणस्तरीय शिक्षा बनाउन शिक्षण सिकाइ क्रियाकलाप पाठ्यक्रमको मर्म अनुरूप हुनुपर्दछ । कक्षा ५ को सामाजिक अध्ययन विषयको शिक्षण प्रभावकारी नभएको, शिक्षण सैद्धान्तिक ज्ञानमा मात्र सीमित भएको, शैक्षिक सामाग्रीको अभावमा शिक्षक सिकाइ क्रियाकलाप प्रभावकारी नभएको, शिक्षण सैद्धान्तिक ज्ञानमा मात्र सीमित भएको, कतिपय शिक्षकहरूको शिक्षणप्रति सकारात्मक धारणाको विकास नभएको र सम्बन्धित शैक्षिक निकायहरूबाट पर्याप्त मात्रामा अनुगमन सुपरीवेक्षण नभएको भन्ने भनाइहरू सुन्नमा आएको छ । त्यस्तै गरी सामाजिक अध्ययन विषयको शिक्षण धेरैजसो प्रवचन विधिमा हुने गरेको । शिक्षण क्रियाकलाप विद्यार्थी केन्द्रित हुनुभन्दा शिक्षक केन्द्रित हुनुका साथै शैक्षिक सामाग्रीहरूको अभाव, प्राप्त शैक्षिक सामाग्री उपयुक्त रूपमा प्रयोग नहुनु, विषयगत शिक्षकको अभाव, विद्यालयहरूमा पाठ्यक्रम, पाठ्यसामाग्री तथा शिक्षक निर्देशिकाको प्रयोगको अभावजस्ता समस्याहरूसुनिन आएकाले यो अध्ययनबाट तल उल्लेखित प्रश्नहरूको समाधान खोजिने हुँदा यसलाई समस्याको रूपमा लिइएको छ ।

i) सामाजिक अध्ययन शिक्षण गर्ने शिक्षकको पृष्ठभूमि कस्तो छ ?

ii) कक्षा ५ मा सामाजिक अध्ययन विषयको शिक्षण क्रियाकलाप कसरी संचालन गरिन्छ ?

iii) शिक्षण क्रियाकलापको क्रममा कक्षाकोठाको भौतिक अवस्था कस्तो रहेको छ ?

iv) शिक्षण क्रियाकलापमा विद्यार्थी, शिक्षकले के कस्ता समस्याहरू भोग्नु परेको छ ?

v) शिक्षण क्रियाकलापप्रति विद्यार्थीहरू, विषय शिक्षकहरू र प्र.अ.हरूको कस्तो धारणा रहेको छ ?

vi) शिक्षकले शिक्षण गर्नु पूर्व दैनिक पाठयोजना बनाएर पढाउने गरेका छन् वा छैनन् ?

vii) कक्षामा मूल्याकंन के कति र कसरी गर्दछन् ?

viii) शिक्षकले कक्षा शिक्षणको सुरुवात के कसरी गर्दछन् ?

ix) शिक्षकले विषयवस्तुको सुरुवात के कसरी गर्दछन् ?

x) शिक्षकको विषयवस्तुको प्रस्तुतीकरण कसरी गर्दछन् ?

xi) शिक्षकले कुन कुन शिक्षण विधिको प्रयोग गर्दछन् ? र तिनको अवस्था कस्तो छ ?

xii) कक्षा शिक्षणमा शिक्षकले उपयुक्त शैक्षिक सामाग्रीको प्रयोग गरेका छन् वा छैनन् ? सामाग्री पर्याप्त छ वा छैन ?

xiii) कुन कुन शैक्षिक सामाग्रीको प्रयोग गर्दछन् ?

## १.३ अध्ययनको औचित्य

कक्षा ५ को सामाजिक अध्ययन विषयको पाठ्यक्रममा बालबालिकाहरूको चौतर्फी विकास गर्ने विषयवस्तुहरू समावेश गरिएको छ । ती विषयवस्तुको धारणा स्पष्ट पार्न प्रभावकारी शिक्षण सिकाइ क्रियाकलापलाई महत्व दिईएको छ । सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरको सम्बन्धमा सुन्न र पढ्नमा आएका समाचारहरूमा शिक्षकले शिक्षणमा पाठ्यपुस्तकको मात्र प्रयोग गरी पढाउँदा शैक्षिक गुणस्तर कमजोर भएको हो । विषयवस्तु अर्थ्याउन वा प्रष्ट्याउन पाठ्यपुस्तक मात्र पर्याप्त शैक्षिक सामाग्री होइन । त्यसका लागि स्थानीय शैक्षिक सामाग्रीको प्रयोगले शिक्षण सिकाइलाई प्रभावकारी बनाउनु पर्दछ । शिक्षण सिकाइलाई अर्थपूर्ण बनाउन आवश्यक पर्ने साधन व्यवस्थापन गरी शिक्षण गर्नु शिक्षणको दायित्व हो । यसका लागि शिक्षण सिकाइसँग सम्बन्धित ज्ञान, सीप, धारणा शिक्षकमा हुनपर्दछ । शिक्षकलाई प्रदान गरिएको तालिम शिक्षण सिकाइमा कार्यमा प्रयोग हुनुपर्दछ । पाठ्यक्रमले निर्दिष्ट गरेका विषयवस्तुलाई उपयुक्त शिक्षण सिकाइ क्रियाकलाप अध्यापन गराउनु पर्दछ । अतः कक्षा ५ को सामाजिक अध्ययन विषयको निम्न क्षेत्रमा सहयोग पुऱ्याउने हुनाले यो अध्ययनको औचित्य रहेको छ ।

क) कक्षा ५ मा सामाजिक अध्ययन विषय अध्यापन गर्ने शिक्षकले आफ्नो शिक्षण प्रभावकारी बनाउन के कस्तो साधन, विधि र सामाग्रीको व्यवस्थापन र प्रयोग गर्न सक्दछन् भन्ने जानकारी प्रदान गर्ने हुनाले ।

ख) यस अध्ययनबाट स्नातकोत्तर तह द्वितीय वर्षको पाठ्यक्रम तथा मूल्याङ्कन विषयको आंशिक आवश्यकता पूरा गर्ने हुँदा यो अध्ययन औचित्यपूर्ण छ ।

ग) थोरै अनुभव भएका तथा नयाँ शिक्षकलाई सामाजिक विषयमा प्रयोग गरिने शिक्षण सिकाइ क्रियाकलापहरूको प्रयोग गर्न र प्रभावकारी शिक्षण गर्न सहयोगी हुन सक्ने हुनाले ।

घ) शैक्षिक योजनाकार, नीति निर्माता,पाठ्यक्रम निर्माता अनुसन्धानकर्ता तथा सामाजिक विषयमा शिक्षण सिकाइ क्रियाकलापका बारेमा आवश्यक जानकारी लिन चाहने व्यक्ति संघ संस्थाहरूका लागि थोरै भएपनि जानकारी उपलब्ध गराउने हुनाले ।

## १.४ अध्ययनको उद्देश्य

कक्षा ५ को सामाजिक अध्ययन विषयमा शिक्षण सिकाइ क्रियाकलाप सम्बन्धी अध्ययनका लागि निम्न उद्देश्यहरू रहेका छन् ।

(क) कक्षा ५ को सामाजिक अध्ययन विषय अध्यापन गर्ने शिक्षकहरूको पृष्ठभूमि पत्ता लगाउनु ।

(ख) शिक्षण क्रियाकलापको अवस्था पहिचान गर्नु ।

(ग) शिक्षण क्रियाकलापप्रति शिक्षक र विद्यार्थीको दृष्टिकोण थाहापाउनु ।

## १.५ अध्ययनको सीमाहरू

अध्ययन अनुसन्धान सरल, सहज र प्रभावकारी बनाउन अनुसन्धानकर्ताले अध्ययनको विषयको सीमा निर्धारण गर्नुपर्दछ । अध्ययनलाई व्यापक सङ्ख्यामा र गहिरो अध्ययन गर्न सम्पूर्ण क्षेत्र संभव छैन त्यसकारण व्यापक आर्थिक स्रोत, समयसीमा र प्राविधिक तथा वाध्यात्मक पक्ष जिम्मेवार हुन्छन् तसर्थ अध्ययनलाई निम्न क्षेत्र र परिधिमा रही पूरा गरिएको छ ।

(क) यस अध्ययन काभ्रेपलाञ्चोक जिल्लाको श्री कुशादेवी उ.मा.वि स्रोतकेन्द्र अन्तर्गतका १६ वटा विद्यालयहरूमध्ये ४ वटा विद्यालयका प्रा.वि तहको कक्षा ५ मा मात्र सीमित रहेको छ ।

(ख) यो अध्ययनमा कक्षा ५ का सामाजिक अध्ययन विषय शिक्षण गर्ने शिक्षकहरू, सम्बन्धित विद्यालयका प्र.अ. र विद्यार्थीहरूलाई मात्र सूचनाको स्रोतको रूपमा लिइएको छ ।

(ग) नमुना विद्यालय छनोट गर्दा उद्देश्य मुलक विधिद्वारा गरिएको छ ।

(घ) यो अध्ययनको तथ्याङ्क सङ्कलन, विश्लेषण तथा व्याख्या मुख्यतया गुणात्मक विधिबाट सम्पन्न गरिएको छ ।

(ङ) तथ्याङ्क सङ्कलन गर्ने साधनको रूपमा प्रश्नावली, अन्तर्वार्ता र अवलोकन, छलफल, प्राथमिक स्रोत र द्वितीय स्रोतलाई मात्र लिइएको छ ।

# अध्याय : दुई

# पूर्व साहित्यको समीक्षा

कुनै पनि अध्ययन अनुसन्धानलाई प्रभावकारी, व्यावहारिक र वैज्ञानिक बनाउनका लागि साहित्यको पुनरावोलोकन अति आवश्यक पक्ष हो । अध्ययन नयाँ होस नदोहोरियोस भन्नका लागि साहित्यको समिक्षा गरिन्छ । सम्बन्धित विषयमा ज्ञानको क्षेत्रलाई फराकिलो पार्न अनुसन्धान कार्य थाल्नु अगाडि आफ्नो शीर्षकसँग मेल खाने र पहिले गरिएका अनुसन्धान पाठ्यपुस्तक, पत्रपत्रिका र वुलेटिन आदिको समीक्षात्मक अध्ययन गर्न आवश्यक हुन्छ । विभिन्न संस्थाले गरेका प्रतिवेदन, विभिन्न व्यक्तिहरूका लेख, रचना र शोधपत्र अध्ययनको पूर्व साहित्यको ऐतिहासिक रूपमा समेटिने भएकाले लेखन कार्यलाई सहजता प्रदान गरेको छ ।

## २.१ सैद्धान्तिक साहित्यको अध्ययन

प्राथमिक पाठ्यक्रम दिग्दर्शन (वि.सं. २०५७ : १६) ले जनाए अनुसार, पाठ्यक्रम विकास केन्द्रका अनुसार "निर्धारित सिकाइ उपलब्धिहरु प्राप्तिका लागि विद्यार्थीहरुलाई विभिन्न अनुभवहरु हासिल गराउन निश्चित दिशा दिने कार्यक्रम नै पाठ्यक्रम हो ।"

लुइँटेल (वि.सं. २०५९ : १) ले जनाएअनुसार, वाइनिङ रवाइनिङ (Bining and Bining) का अनुसार "सामाजिक अध्ययनका विषयवस्तुद्वारा एउटा यस्तो आधार प्रस्तुत गरिन्छ जसको सहायताबाट हामी विद्यार्थीहरु समक्ष आजको विश्वलाई स्पष्ट र सरल बनाउन सक्दछौँ । यसबाट विद्यार्थीहरुमा केही निश्चित बानी तथा कुशलताको प्रशिक्षण दिन सकिन्छ । यसका साथै उनीहरुमा यस्ता अभिवृद्धि एवम् आदर्श विकसित गरिन्छन् जसले गर्दा बालबालिकाहरु प्रजातन्त्रीय समाजमो प्रभावकारी सदस्यको रुपमा आफ्नो स्थापना गर्न सक्षम हुन्छन् ।"

अधिकारी (वि.सं. २०६३ : ४०) ले जनाएअनुसार, माध्यमिक शिक्षक दिग्दर्शन अनुसार शिक्षक निर्देशिकाको अर्थ यस्तो बुझाउँदछ :

- पाठ्यक्रमका उद्देश्यहरुलाई पूरा गर्न विभिन्न क्रियाकलाप गरेर पूरा गराउँछ ।
- शिक्षण कार्यलाई सरल, सहज, योजनाबद्ध र सुनियोजित ढंगले अगाडि बढाउने कार्यमा महत्वपूर्ण रुपमा सघाउँछ ।
- वार्षिक, एकाइगत, दैनिक पाठयोजना निर्माणमा सहयोग पुऱ्याउँछ ।
- पाठको स्वरुप र प्रकृति अनुसार शिक्षँण विधि चयन गर्न सरल बनाउँछ ।

पेस्तालजीको विचारमा व्यक्तिलाई योग्य बनाउनु पर्छ । उसको विचार एवम् व्यवहारमा सुधार ल्याउनु पर्छ । यसका लागि पर्याप्त तालिमको आवश्यकता पर्दछ । यो कार्य शिक्षाबाट मात्र सम्भव हुन सक्छ । उनको विचारमा शिक्षाले शारीरिक र मानसिक विकास गर्न मद्दत गर्दछ । यही विकासले व्यक्तिको भविष्यमा उन्नति गरी सुखी जीवन बिताउन सक्षम बन्छ । मानव जातिलाई सबभन्दा पहिले टाउको, मुटु र हातबारे साधारणशिक्षा दिनु पर्दछ । कुनै व्यावसायिक किसिमको सीपको तालिमपछि मात्र दिनुपर्छ । बालबालिकाहरुको सिकाइ स्वतन्त्र वातावरणमा स्वतन्त्र खेल र स्वतन्त्र क्रियाकलापबाट हुनुपर्दछ । किनकि बाहिर कसैको प्रभावबाट प्राप्त गरेको ज्ञान भण्डारभन्दा बालिबालिकाको आन्तरिक शक्तिको विकास हुनु जरुरी छ । बालबालिकाको विकास वातावरण विकासको उपज होइन । यसको विकास प्राकृतिक बोट विरुवा जस्तै हुन्छ । असल माटो, मलजल पाउनासाथ आफै वृद्धि हुन्छ । अत्त शिक्षा सरलबाट जटिलतिर हुनुपर्छ । अर्थात् विद्यार्थीको सोच्ने वा विचार गर्ने ध्यानाकर्षण र न्याय र कारण शक्तिको जति जति वृद्धि हुँदै जान्छ उति उति जटिल कुरा सिक्नु पर्दछ । शिक्षालाई जाति, सामाजिक स्तर, व्यक्ति विभिन्नता तथा शक्ति, आर्थिक स्थिति र शारीरिक क्ष्मता जस्ता स्तरको भेदभाव बिना प्रदान गरिनु पर्छ । उनको शिक्षण पद्धतिले घोकन्ती विधाको सट्टा निरीक्षण र खोजबाट हुनु पर्दछ भन्ने थियो (मल्ल र साथीहरु, २०५४) ।

पाठ्यक्रम र सिकाइलाई व्यवस्थित गर्न विभिन्न सैद्धान्तिक पृष्ठभूमि अगाडि सारिए । पाठ्यक्रम विकासको सिद्धान्त एवम् व्यवहार (Taba, 1962), पाठ्यक्रम र प्रजातन्त्र (Dewey, 1916), पाठ्यक्रम विकास तथा निर्माण (Print, 1923), बच्चा र पाठ्यक्रम र समाज (Dewey) आदि । सबैको केन्द्रीयता पाठ्यक्रम र सिकाइसँग रहेको सिद्धान्तलाई व्यवहारमा उतार्ने बुद्धि Taba ले दिए । व्यवहारमा उतार्न आवश्यक पर्ने विभिन्न तौरतरिका सुझाए पाठ्यक्रम निर्माण गर्ने प्रक्रिया दिए । Taba ले प्रक्रियालाई व्यवस्थित गरिदिए ।

Dewey ले पाठ्यक्रम र प्रजातन्त्रको अन्तर सम्बन्ध स्थापित गरे । प्रजातन्त्रका लागि पाठ्यक्रम चाहिने, शिक्षा Democratic Concept बाट चल्नै पर्ने, प्रजातन्त्र, समुदाय तथा पाठ्यक्रमबीच बहुकोणात्मक सम्बन्ध रहने सिद्धान्त यस अनुसार शिक्षा प्रशासन प्रजातान्त्रिक बन्नुपर्ने भयो । पाठ्यक्रम निर्माण तथा कार्यान्वयनकर्ता सबै प्रजातान्त्रिक हुनुपर्ने अवस्था Dewey ले प्रतिपादन गरे । उनले पाठ्यक्रम बनाउँदा प्रजातान्त्रिक हुने तरिका दिए । पाठ्यक्रम कार्यान्वयन गर्दा प्रजातान्त्रिक हुने पद्धतिप्रतिपादित गरे । साथै पाठ्यक्रमको मूल्यांकन र सुधारमा प्रजातान्त्रिक हुने सुधारमुखी हुने सोच दिए ।

प्रयोजनवादी दार्शनिक जोन डिवले शैक्षिक प्रक्रियालाई परिस्थिति अनुसार निर्धारण हुने कुरा बताएका छन् । उनका अनुसार शैक्षिक प्रक्रिया भित्र बालक अविकसित, अपरिपक्क प्राणी हो । उसलाई परिपक्व र अनुभवी युवकहरूले समाजमा सामाजिक लक्ष्य मुल्य मान्यताका आधारमा अघि बढाइरहेका हुन्छन् । त्यसैले यिनै तत्वहरूका विचको अन्तर्क्रिया नै शैक्षिक प्रक्रिया हो । उनको सिद्धान्तमा केन्द्रबिन्दुमा रहेको

विधि नै परियोजना विधि हो । यस विधिमा विद्यार्थीको उद्देश्य, चाख उपयोगिताको आधारमा सिक्नेमा केन्द्रित हुनुपर्दछ । (शर्मा, २०६५)

आर्दशवादीहरूले जुनसुकै विषयको शिक्षण सिकाइ क्रियाकलापको प्रभावकारिता शिक्षकको विवेकमा सुम्पेका छन् । सुकरातले प्रश्नोत्तर र छलफल विधिद्वारा शिक्षण अगाडि बढाउनु पर्दछ भनेका छन् । उनका शिष्य प्लेटोले वादविवादलाई शैक्षिक प्रक्रियाको रूपमा सिफारिस गरेका छन् । हेगनले तार्किक विधिद्वारा उपयुक्त शिक्षण सिकाइ क्रियाकलाप हुने कुरामा जोड दिएका छन् । (सिंह, २०६५)

यर्थाथवादी दर्शन अनुसार जुनसुकै शिक्षण सिकाइ क्रियाकलापमा प्रत्यक्ष अवलोकन हुन आवश्यक हुन्छ । विद्यालयका कक्षा शिक्षणमा एकातिर इन्द्रियहरूको प्रयोग गरिन्छ भने अर्कातिर भ्रमण वा यात्राबाट प्रत्यक्ष अवलोकनद्वारा शिक्षण गरिन्छ । कक्षा शिक्षणमा रचिएका विषयवस्तुहरूको प्रस्तुति गरे पनि ती विषयवस्तुहरूको प्रत्यक्ष अवलोकन र साक्षात्कार गराइन्छ । यथार्थवादीहरू इन्द्रिय ज्ञानलाई बढी जोड दिने भएकाले कक्षा शिक्षणमा विद्यार्थी सामु विषयवस्तुको अवलोकन गराइन्छ । यस्तो कक्षा शिक्षणमा आगमन विधिको प्रयोग गरिन्छ, विषयवस्तुलाई अवलोकन गराइन्छ, विद्यार्थी त्यस विषयवस्तुलाई देखेर, चाखेर, सुनेर वा अनुभव गरेर त्यस वस्तुबाट जानकारी प्राप्त गर्दछन् । यसको अतिरिक्त यथार्थवादी कक्षा शिक्षणमा प्रदर्शन विधि, प्रयोगात्मक विधि, छलफल वादविवाद विधिहरू पनि आवश्यकता अनुसार प्रयोग गरिन्छ । कुनै विषयवस्तु सिकाउँदा विद्यार्थीको इन्द्रियहरूलाई सजग गराउनुका साथै उसको आत्मालाई सक्रिय वनाइन्छ । त्यसपछि विद्यार्थीमा विषयवस्तुप्रति रुचि जाग्छ र शिक्षण सिकाइ प्रभावकारी हुन्छ । भन्ने विश्वास यथार्थवादी दर्शनको रहेको छ । (सिंह,२०६५)

सामाजिक अध्ययन शिक्षण अवधारणा तथा प्रयोग (२०६४) नामक पुस्तकमा त्रि.वि का सह प्रा. अव्दुल कैयुम शिक्षणको अवधारणा दिदैं भन्दछन् :

> शिक्षण एक प्रकारको जटिल व्यवहार हो । एकातिर सिकाइ प्रक्रियासँग जोडेर यसको विश्लेषण गर्नुपर्दछ भने अर्कातर्फ पाठ्यक्रम कार्यान्वयनको प्रक्रियाको दृष्टिकोणले यसलाई व्याख्या गर्नुपर्ने हुन्छ । वास्तवमा शिक्षकको भूमिका र कार्यहरू विविध प्रकारका हुन्छन् । शैक्षिक लक्ष्य हासिल गर्ने क्रममा शिक्षक र विद्यार्थी वीच हुने अन्तर्क्रिया नै शिक्षण हो ।

यस प्रक्रिया अन्तर्गत शिक्षकले आफ्ना विविध भूमिकाहरू एवम् विद्यार्थीहरूको सम्भावित प्रतिक्रियाहरूलाई विचार गदैं शिक्षण कार्य गर्नुपर्दछ । शिक्षकद्वारा विद्यार्थीहरूबारे प्रत्यक्ष अनुभव र ज्ञान प्रक्रिया चरणहरूका बारेमा अव्दुल कैयुमले सिकाइलाई तीन चरणमा विभाजन गर्नुभएको छ ।

**पूर्व शिक्षण चरण :** यस चरणमा शिक्षकले सम्बन्धित पाठ पढाउन विभिन्न तयारी गर्छ । जस्तै विषयवस्तुको सङ्कलन पाठयोजना निर्माण, शिक्षण सामाग्रीको निर्माण, सम्भावित विधिबारे विचार विमर्श आदि ।

**कक्षा कोठामा वास्तविक शिक्षणको चरण :** यस अन्तर्गत शिक्षकले प्रथम चरणमा गरेका तयारी अनुसार विद्यार्थीसँग अन्तर्क्रिया गर्दछ र योजना अनुसारको उद्देश्य प्राप्ति गर्न सामाग्रीहरूको सहयोगबाट विभिन्न क्रियाकलापहरू गर्दछ ।

**उत्तर शिक्षण चरण :** कक्षा कोठाको शिक्षण कार्य सम्पन्न भएपछि शिक्षकले कार्यालयमा वसेर आत्म मूल्याङ्कन गर्नुपर्छ । योजना अनुसारको उद्देश्य के कति प्राप्त भयो ? प्रयोग गरिएका सामाग्रीहरू कति उपयुक्त र प्रभावकारी थिए ? शिक्षण सिकाइ प्रक्रियामा विद्यार्थी सहभागिता के कति भएको थियो ? विषयवस्तु पर्याप्त थियो वा थिएन ? विषयवस्तुको प्रकृति अनुसार शिक्षण विधि र प्रविधिको उचित प्रयोग भयो वा भएन?एवम् शिक्षण सिकाइका सबै तत्वहरूको वलियो पक्षको साथै कमीकमजोरीहरूको मूल्याङ्कन गदै आगामी शिक्षणमा समसामयिक सुधार ल्याउन सक्षम हुनु पर्दछ ।

जुनसुकै शिक्षण विधि प्रयोग गरे पनि यसका प्रमुख तत्वहरू शिक्षक र विद्यार्थीहरू नै हुन्छन् । जसको आधार र सहयोगमा शिक्षक र विद्यार्थी विच अन्तर्क्रिया हुने गर्दछ । यही अन्तर्क्रियाको प्रकृति अनुसार शिक्षणविधि छुट्याइन्छ । मूलरूपमा चार प्रकारका अन्तर्क्रिया शिक्षण सिकाइ क्रियाकलापमा हुने गर्दछ ।

L.N. Gage ले शिक्षणलाई चक्र प्रक्रियाको रूपमा व्याख्या गर्दै ती तत्वहरूका बारेमा चर्चा गरेका छन् ।

**एक तर्फी अन्तर्क्रिया :** यस अन्तर्गत सम्पूर्ण कार्य शिक्षकले गर्दछ । जस्तै : विषयवस्तुको व्याख्या गर्ने,चित्र,नक्सा चार्ट आदि देखाउने, कालोपाटीमा लेख्ने, केही कुराहरूको प्रदर्शन गर्ने आदि । विद्यार्थीहरूले सुन्ने, हेर्ने, टिपोट गर्ने कार्य मात्र गर्दछन् । यो एक प्रकारको प्रेशण-प्राप्ति खालको आदान प्रदान जस्तै छ । व्याख्यान विधि, व्याख्या र प्रदर्शन विधिद्वारा गरीने शिक्षण कार्यमा यस्तै अन्तर्किया हुन्छ ।

**दुई पक्षीय अन्तर्क्रिया :** यो शिक्षक र विद्यार्थी विच दोहारो अन्तर्क्रियामा आधारित क्रियाकपाल हो । यस प्रकारको अन्तर क्रियामा विद्यार्थीको पहिलो तरिका भन्दा केही बढी सक्रिय हुन्छन् । तर शिक्षकको भूमिका अझ आदेशात्मक र प्रभावशाली नै हुन्छ । शिक्षकले पाठ पूर्वको ज्ञान सम्बन्धी केही प्रश्नहरू कुनै कुनै विद्यार्थीहरूलाई सोध्ने गर्दछन् र विद्यार्थीले आफूले जानेको उत्तर दिन्छन् । एवम् प्रकारले पाठलाई अगाडि बढाउन र पाठको अन्तमा पनि शिक्षकद्वारा प्रश्न सोध्ने र विद्यार्थीहरूद्वारा उत्तर दिने क्रियाकलापहरू सीमित रूपमा हुने गर्दछ ।

**त्रिपक्षीय अन्तर्क्रिया :** यस अन्तर्क्रियामा शिक्षक विद्यार्थी-विद्यार्थी-विद्यार्थी तीन पक्षीय अन्तर्क्रिया हुन्छ । यसैलाई शिक्षक-विद्यार्थी-विद्यार्थी आदान प्रदान भनिन्छ । यसमा विद्यार्थीले शिक्षकबाट मात्र होइन आफ्नो सहपाठीहरूबाट पनि धेरै कुराको ज्ञान प्राप्त गर्दछ । यसमा शिक्षकको भूमिका आदेशात्मक नभई सहयोगात्मक हुन्छ । विद्यार्थीहरू बीच अधिकतम अन्तर्क्रियाको वातावरण सिर्जना गर्न शिक्षक सहजकर्ता र मार्गनिर्देशको भूमिका निर्वाह गदै अन्तमा सम्पूर्ण अन्तर्क्रियाको सङ्क्षेपीकरणको कार्य गर्दछ । विभिन्न किसिमका समूहगत छलफलका कार्यहरू जस्तै गुञ्जन समूह, वादविवाद, गोलमेच इत्यादि ।

**चार पक्षीय अन्तर्क्रिया :** यसलाई शिक्षक-शिक्षक-विद्यार्थी विद्यार्थी बीच आदान प्रदान पनि भन्न सकिन्छ । सामान्यतया जव कुनै विद्यार्थी समूहको शिक्षण सिकाइ अभिभारा दुई वा दुई भन्दा बढी शिक्षक वा प्रशिक्षकलाई सुम्पिइन्छ । तव यस प्रकारको अन्तर्क्रिया सम्पन्न हुन्छ । यसको सबै भन्दा उपयुक्त उदारहण Team Teaching हो । यस वाहेक कुनै प्रोजेक्ट, शैक्षिक भ्रमण, र यस्तै प्रकारका अन्य कार्यहरू हुन्छन् । (कैयुम, २०६४)

## २.२ सम्बन्धित साहित्यको पुनरावलोकन

तामाङ्ग (२०६५), "प्राथमिक तहमा सामाजिक अध्ययन विषयको शैक्षणिक आवश्यकता पहिचान" मा सामाजिक अध्ययन विषयको शैक्षणिक आवश्यकता पहिचान गर्न खोटाङ्ग जिल्लाको सामुदायिक विद्यालयको प्राथमिक तहको सामाजिक विषयको शिक्षणमा कक्षा अवलोकन, अन्तर्वार्ताबाट प्राप्त तथ्याङ्कको आधारमा दिइएको सुझाव अनुसार पाठ्यपुस्तकका भरमा मात्र शिक्षण भएकाले विषयवस्तु अनुसारका शैक्षिक सामाग्री र विधिहरू अपनाई शिक्षण सिकाइ गर्नुपर्ने उल्लेख गरिएको छ ।

यसबाट के स्पष्ट हुन्छ प्राथमिक तहको सामाजिक अध्ययन विषयले व्यक्ति, परिवार, छरछिमेक, समुदाय, राष्ट्र र अन्तर्राष्ट्रिय स्तरसम्म मानवीय व्यवहारका क्रियाकलापहरू गर्नु पर्ने हुँदा त्यसका लागि बाललालिकालाई विषयवस्तुले दिन खाजेको धारणालाई व्यावहारिक, जीवन उपयोगी तथा प्रयोगात्मक रूपमा प्रयोग गर्न आवश्यक हुन्छ । त्यसका लागि शिक्षण सिकाइ प्रभावकारी हुनुपर्दछ ।

पौडेल (२०६३), "प्राथमिक विद्यालयका शिक्षकको पेशागत दक्षता एक अध्ययन" मा तालिम प्राप्त र अप्राप्त शिक्षकहरू बीच शिक्षण सिकाइको भिन्नता राखी काश्की जिल्ला लेखनाथ नगरपालिका भित्रका सामुदायिक विद्यालयको अध्ययन पश्चात् तालिम प्राप्त शिक्षक र तालिम अप्राप्त शिक्षकहरूमा विषयवस्तु अनुसार शिक्षण सिकाइ क्रियाकलाप मा कुनै भिन्नता पाइएन । विषयवस्तु अनुसार शिक्षण सिकाइ क्रियाकलाप गरेको पाइएन ।

शिक्षा विभाग (२०६०) 'Teaching materials and classroom observation' मा शिक्षकले शैक्षिक सामाग्रीको प्रयोग कसरी गरिन्छ । प्रयोग सम्बन्धी ज्ञान छ छैन ? सामाग्रीको स्थिति कस्तो छ ? शैक्षिक सामाग्री पर्याप्त मात्रामा छन् की छैनन् ? शैक्षिक सामाग्री विषयवस्तु अनुसार ठीक ढङ्गले प्रयोग भएको छ छैन भनी अध्ययन गर्नको लागि विभिन्न विकास क्षेत्र, अञ्चल र जिल्लाका विद्यालयको प्रतिनिधित्व हुने गरी १५० वटा कक्षाहरू अवलोकन गरिएको थियो । जसको प्राप्तिमा धेरै जसो विद्यालयहरूमा शैक्षिक सामाग्रीको उपलब्ध भएको पाइयो तर ग्रामीण क्षेत्रका विद्यालयमा भने शैक्षिक सामाग्रीको कमी देखियो । विशेष गरी शैक्षिक सामाग्रको कमी हिमाली र उच्च पहाडि क्षेत्रका दुर्गम विद्यालयमा यातायातको सुविधा कमी हुनुलाई मुख्य समस्याको रूपमा लिइएको थियो । यसबाट के वुझिन्छ भने हाम्रो देशमा अधिकांश विद्यालयहरूमा पर्याप्त शैक्षिक सामाग्रीको अभाव र यदि भए

तापनि ती सामाग्रीहरूलाई उपयुक्त ढङ्गले कक्षाकोठामा प्रयोग नगरेको देखिन्छ जसले शिक्षण सिकाइमा असर पारेको देखिन्छ ।

जोशी, (वि.सं.२०६५) ले 'जनसङ्ख्या तथा वातावरण विषयकको पाठ्यक्रमको अपेक्षा र कक्षा शिक्षणको अवस्था अध्ययन' सम्बन्धी शीर्षकमा अध्ययन गर्नुभएको थियो । उहाँले कक्षा शिक्षणको अवस्था पाठ्यक्रमका अपेक्षाहरूलाई हासिल गर्न सहज र अवरोध पुऱ्याउने तत्वहरू पत्ता लगाउन पाठ्यक्रमका उद्देश्यको प्रभावकारी रूपान्तरणका लागि उपायहरूको खोजी गर्न काभ्रे जिल्ला अन्तर्गत पर्ने धुलिखेल, बनेपा र पनौती नगरपालिका भित्रका १० वटा सामुदायिक विद्यालयमा अध्ययनका क्रममा शिक्षकले कक्षा शिक्षणमा पाठ्यपुस्तकको बढी प्रयोग गर्नुका साथै व्याख्यान विधिको अत्याधिक प्रयोग गरी छलफल, प्रश्नोत्तर, प्रदर्शन, अध्ययन भ्रमण, प्रतिवेदन प्रस्तुति विधिको कम प्रयोग गर्नुका साथै शैक्षिक सामाग्रीहरू थोरै मात्रामा विद्यालयमा उपलब्ध भएको निष्कर्ष निकाल्नु भएको थियो । कक्षा शिक्षणको क्रममा मौखिक प्रश्न सोधी पाठको अन्त्यमा भएका प्रश्नहरूलाई गृहकार्यको रूपमा प्रयोग गर्न लगाउने पत्ता लगाउनु भएको थियो । साथै पाठ्यक्रमको जानकारी सबै शिक्षकमा हुनुपर्ने,सोही अनुसार शिक्षण विधि, शैक्षिक सामाग्री, मूल्याङ्कन र गृहकार्यमा ध्यान दिई सम्बन्धित विषय शिक्षकले शिक्षण गराउनु पर्ने निष्कर्ष निकाल्नु भएको थियो ।

खनाल (वि.स २०७०) ले 'नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन' शीर्षकमा  अध्ययन गर्नुभएको थियो। उहाँले नेपाली भाषा अध्ययन शिक्षणमा शिक्षण विधिको वर्तमान अवस्था पत्तालगाउने उद्देश्य राखी अध्ययन गर्दा व्याख्यान, छलफल, पठनबोध विधि नै बढी प्रयोग गरेको निष्कर्ष निकाल्नु भएको थियो । त्यसैले शिक्षणमा विद्यार्थी केन्द्रित विधिलाई बढी जोड दिनु पर्ने, नेपाली विषयको पाठ्यक्रममा उल्लेख गरिएको विधिलाई प्रयोग गर्नुपर्ने, शिक्षण विधिको प्रयोग सम्बन्धमा शिक्षकलाई तालिम दिनुपर्ने, सुपरीवेक्षणलाई प्रभावकारी बनाउन समय समयमा निरीक्षण गरी समयमै सम्बन्धित निकायले समस्या समाधान गर्न ध्यान दिनु पर्ने निष्कर्ष निकाल्नु भएको थियो ।

गिरी (वि.सं. २०६०) ले काठमाडौं जिल्लाका 'सामुदायिक र संस्थागत विद्यालयको विज्ञान विषयको शिक्षण सिकाइको अवस्था र शिक्षण सिकाइमा फरक आउनुका कारणहरू' पत्ता लगाउन ६ वटा सामुदायिक विद्यालय र ६ वटा संस्थागत विद्यालयलाई नमुनाको रूपमा छनोट गर्नुभएको थियो । सूचना सङ्कलनका लागि अन्तर्वार्ता, अवलोकन र प्रश्नावली प्रयोग गरिएको थियो । यस अध्ययनले सामुदायिक र संस्थागत दुवै खाले शिक्षक निर्देशिका तथा पाठ्यक्रमको प्रयोग नभएको, संस्थागत विद्यालयको शिक्षकको साप्ताहिक पाठ्यभार बढी, सामुदायिक विद्यालयमा गृहकार्य दिने र जाँच्ने प्रचलन रहेको, औषत प्राप्ताङ्क बढी रहेको शिक्षण क्रियाकलाप सन्तोषजनक तथा अभिभावक पनि सन्तुष्ट भएको निष्कर्ष निकालेका छन् ।त्यसै गरी यस अध्ययनले भौतिक तथा शैक्षिक सुविधाको व्यवस्था गर्न, शैक्षिक सामाग्री लगाएतका पूर्वाधारहरू व्यवस्था गर्न, शिक्षकका लागि तालिम र सेमिनारको व्यवस्था गर्न, विद्यालय व्यवस्थापन समितिले निगरानी राख्न,राम्रो कार्य गर्ने शिक्षकका लागि प्रोत्साहन गर्ने, परीक्षा

प्रणालीमा समानता कायम गर्न र शिक्षकलाई अध्ययनको लागि पुस्तकालयको व्यवस्था गर्नुपर्ने जस्ता सुझावहरू दिइएको छ ।

खनाल (वि.सं. २०६०) ले 'सामुदायिक विद्यालयमा सामाजिक अध्ययन शिक्षण' शीर्षकमा अध्ययन गर्नुभएको थियो। उहाँले आफ्नो अध्ययनमा सामाजिक अध्ययन विषय शिक्षकको अवस्था, शैक्षिक सामाग्रीको उपलब्धता र प्रयोगको स्थिति पत्ता लगाउने उद्देश्य राख्नु भएको थियो। नमुना छनोटमा स्याङ्जा जिल्ला अन्तर्गत नरोदय उ.मा.वि स्रोत केन्द्र अन्तर्गतका ३ वटा सामुदायिक मा.विलाई लिई कक्षा ९ र १० का विषय शिक्षक, विद्यार्थी र कक्षा शिक्षण अवलोकन गर्न क्रमश: अन्तर्वार्ता प्रश्नावली, लक्षित समूह छलफल, प्रश्नावली र कक्षा शिक्षण अवलोकन आदि राखी अनुसन्धान गर्नु भएको थियो। उहाँले आफ्नो अध्ययनको प्राप्तिमा सामाजिक अध्ययन विषय शिक्षणमा शैक्षिक सामाग्रीको प्रयोग कम भएको ,स्थानीय सामाग्रीको प्रयोगमा कमी,पाठ्यक्रमको प्रयोग नगरिएको ,शिक्षक निर्देशिका उपलब्ध नभएको, शैक्षिक योजना निर्माण नगरेको, विद्यार्थी केन्द्रित शिक्षण विधिको कम प्रयोग भएको, मूल्याङ्कन तथा पृष्ठपोषणमा कमी जस्ता समस्याहरूको उल्लेख गर्नुभएको थियो।उहाँले उक्त प्राप्ति सम्बन्धी समस्या समाधानका लागि सन्दर्भ सामाग्रीको व्यवस्था, वार्षिक कार्य योजना, दैनिक पाठयोजना निर्माण र प्रयोग गर्नुपर्ने, विद्यार्थी केन्द्रित विधिलाई बढावा दिनु पर्ने, स्थानीय शैक्षिक सामाग्रीको निर्माण र प्रयोगमा ध्यान दिनु पर्ने,शैक्षिक भ्रमण गराउनु पर्ने,शिक्षक निर्देशिका र पाठ्यक्रमको प्रयोग गर्नुपर्ने साथै विद्यार्थी मूल्याङ्कनमा ध्यान दिनुपर्ने सुझावहरू दिइएको थियो ।

अध्ययनको पुनरावोलकन गर्दा पढाइ, लेखाइ र अङ्कगणित सम्बन्धी ज्ञानको उपलब्धि स्तर बढाउन विद्यार्थी केन्द्रित विधि प्रयोग गरी गणितका नियमहरू प्रभावकारी रूपले सिकाउनुका साथै भौतिक सुविधा साथै शैक्षिक सामाग्रीको व्यवस्था गुर्नपर्दछ ।

**राम्रो तालिम विषयक गोष्ठी (CERID) सन् १९८७ का अनुसार** : प्राथमिक तहमा विद्यार्थी उपलब्धि उच्च पार्नको निम्ति राम्रो तालिम प्राप्त र अप्राप्त शिक्षकबीच शिक्षण क्रियाकलाप सम्बन्धमा तुलना गऱ्यो । सो गोष्ठी प्राथमिक विद्यालयका शिक्षकहरूमा सीमित थियो । प्राथमिक तहका विद्यार्थीहरूको उपलब्धि उच्च पार्नको निम्ति विशेष किसिमको तालिम दिनुपर्ने आवश्यक निष्कर्षमा पुगेको थियो । यस बाट के भन्न सकिन्छ भने प्राथमिक तहको शिक्षण सिकाइलाई प्रभावकारी बनाउन तथा विद्यार्थी उपलब्धि बढाउन यस तहको शिक्षणको लागि तालिम प्राप्त शिक्षक नियुक्ति गर्नु पर्दछ । जसले आफूले सिकेको सीपलाई कक्षाकोठामा निर्धक्क रूपमा प्रयोग गरी दैनिक रूपले पाठयोजना तयार गरी शिक्षण गर्न सकोस् जसले सिकाइलाई दीर्घकालिन बनाउँछ ।

यसरी विभिन्न लेख, अनुसन्धान कृति, पाठ्यपुस्तकहरू, प्रतिवेदन र अन्य प्रकाशित लेख, रचना हेर्दा सामाजिक अध्ययन शिक्षणमा शिक्षक तालिमको महत्व निरन्तर मूल्याङ्कन, सामाजिक अध्ययन शिक्षणमा शिक्षकले खेल्नुपर्ने भूमिका, शिक्षण सिकाइ प्रक्रियाका सम्बन्धमा अध्ययन गरिएको भए तापनि

कक्षा ५ को सामाजिक अध्ययन विषयमा अध्ययन गरिएको त्यति देखिँदैन । तसर्थ सामाजिक अध्ययन विषयको शिक्षण सिकाइ क्रियाकलापमा शिक्षकको भूमिका कस्तो रहन्छ भन्ने कुराको निरूपण यस अध्ययनले गर्नेछ ।

## २.३ अवधारणात्मक ढाँचा

कक्षा ५ को सामाजिक अध्ययन विषय शिक्षकहरूको पृष्ठभूमि, शिक्षण क्रियाकलाप र शिक्षण क्रियाकलापप्रति शिक्षक र विद्यार्थीको दृष्टिकोण पहिचान गर्न अवधारणात्मक ढाँचा निम्न अनुसार तयार गरिएको छ ।

**कक्षा ५ को सामाजिक अध्ययन विषयको शिक्षण क्रियाकलाप**

**शिक्षकको पृष्ठभूमि**

- शैक्षिक योग्यता
- शिक्षण अनुभव
- विषतगत विशिष्टीकरण
- शैक्षिक तालिम
- लैङ्गिक अवस्था
- शिक्षकको उमेर
- जाति
- मातृभाषा

**शिक्षण क्रियाकलापको अवस्था**

- शैक्षिक योजना निर्माण र प्रयोग
- कक्षा शिक्षणको सुरुवात
- शिक्षण विधिको प्रयोग
- शैक्षिक सामाग्रीको निर्माण
- पाठको प्रस्तुतीकरण
- कक्षा गत क्रियाकलाप
- मूल्याङ्कन
- पृष्ठपोषण
- गृहकार्य
- परीक्षा

**शिक्षण क्रियाकलापप्रति शिक्षक विद्यार्थीको दृष्टिकोण**

- शिक्षण क्रियाकलाप प्रतिको धारणा र प्रतिक्रिया

# अध्याय : तीन

# अनुसन्धानात्मक विधि

अध्ययन विधि भनेको कुनै पनि अनुसन्धानलाई पूरा गर्नका लागि अपनाइने विधि नै अध्ययन विधि हो । अध्ययन विधि परिमाणात्मक, गुणात्मक र मिश्रित गरी तीन किसिमका रहेका छन् । कुनै पनि अध्ययन अनुसन्धान गर्नु ज्यादै जटिल कार्य हो । अनुसन्धान गर्दा निश्चित विधि अपनाएर कार्य गरेमा जटिल कार्य पनि सरल र सहज हुन जान्छ । त्यसैले यस अध्ययनको उद्देश्य प्राप्तिका लागि अध्ययनका प्रक्रिया समस्या घटनालाई यथास्थितिमा र प्राकृतिक अवस्थामा नै अध्ययन गर्नुपर्ने भएकोले नियन्त्रण र परीक्षणको कृत्रिमतालाई हटाई तिनीहरूको स्वतन्त्र स्वरूपलाई नै अध्ययन गर्न खोजिएको हो । यस अध्ययनको प्रकृति हेर्दा परिमाणात्मक भन्दा पनि व्याख्यात्मक सूचनाहरू सङ्कलन गर्नु पर्ने तथा अध्ययनको लागि प्रयोग गरिएका साधनहरूबाट पनि सङ्ख्यात्मक तथ्याङ्कहरू नभई वर्णनात्मक सूचनाहरू सङ्कलन हुने कारण यस अध्ययनका लागि पूर्ण गुणात्मक विधिको प्रयोग गरिएको छ ।

अध्ययनलाई उद्देश्यन्मुख गर्न निश्चित विधि उपकरणहरूको प्रयोग गरिनु पर्छ जुन अध्ययनको प्रक्रियागत ढङ्गबाट सङ्कलन गरेपछि मात्रै सत्य तथ्य जानकारी प्राप्त हुने गर्दछ । त्यसका लागि सूचनाका स्रोतहरू, अनुसन्धानात्मक ढाँचा, सूचना सङ्कलनका औजार तथा उपकरणहरू अध्ययनमा जानु पूर्व नै निश्चित गरिनु पर्छ । यस अध्ययनलाई पनि पूर्णता प्रदान गर्नका लागि सोही प्रक्रिया अवलम्वन गरिएको छ । जुन यस प्रकार रहेका छन् ।

## ३.१ अनुसन्धान ढाँचा

अनुसन्धानका लागि निश्चित योजना तथा रणनीतिको आवश्यकता पर्दछ । पूर्व योजना तथा तयारी बिना गरिने अनुसन्धानको निश्चित लक्ष्य सम्म पुग्न सकिदैन । त्यस कारण अनुसन्धानका लागि तयार पारिने बृहत् योजना तथा रणनीतिलाई नै अनुसन्धान ढाँचा भनिन्छ । यस अध्ययनका लागि निम्नानुसारको अनुसन्धान ढाँचा तयार पारिएको छ :

**सूचना सङ्कलनका लागि ढाँचा**

**तलिका नं ३.१**

| क्र.स | उद्देश्य | स्रोत | साधान |
|---|---|---|---|
| १ | शिक्षकहरूको पृष्ठभूमि पत्तालगाउनु | प्रधानाध्यापक, शिक्षक, दस्तावेज | असंरक्षित अन्तर्वार्ता |
| २ | शिक्षण क्रियाकलापको अवस्था पहिचान गर्नु | कक्षाअवलोकन, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी | अवलोकन फारम, अंसरक्षित अन्तर्वार्ता, असरक्षित अन्तर्वार्ता, लक्षित समूह छलफल |
| ३ | शिक्षण क्रियाकलापप्रति शिक्षक तथा विद्यार्थीको दृष्टिकोण थाहापाउनु | शिक्षक, विद्यार्थी | अन्तर्वार्ता, लक्षित समूह छलफल |

### ३.१.१ अध्ययन क्षेत्रको छनोट

यो अध्ययनको अध्ययन क्षेत्र काभ्रेपलाञ्चोक जिल्ला हो । उक्त जिल्लाको छनोट अनुसन्धानकर्ताको स्वविवेकमा गरिएको छ ।

### ३.१.२ विद्यालयको छनोट

कक्षा ५ को सामाजिक अध्ययन विषयमा शिक्षण क्रियाकलापहरूको अवस्था पहिचान सम्बन्धी सूचना सङ्कलन गर्न काभ्रेपलाञ्चोक जिल्लाको श्री कुशादेवी उ.मा.वि.स्रोत केन्द्र अन्तर्गतका १६ वटा विद्यालय मध्ये ४ वटा विद्यालयहरू छनोट गरिएको छ । यसरी छनोटमा परेका विद्यालयहरूमा (१) श्री कुशादेवी उ.मा.वि, (२) श्री विहावर नि.मा.वि, (३) श्री सूर्यज्योति नि.मा.वि, र (४) श्री फुलचोकी नि.मा.वि रहेका छन् । (अनुसूची १ मा हेर्नुहोस)

### ३.१.३ नमुना छनोट प्रक्रिया

यस अध्ययन कार्यमा तथ्याङ्क सङ्कलन गर्नको लागि उद्देश्यात्मक नमुना छनोट विधिको प्रयोग गरी निम्न अनुसारका नमुनाहरू छनोट गरिएको थियो ।

### ३.१.४ प्र.अ.को छनोट

शिक्षकहरूको पृष्ठभूमि पत्तालगाउन र शिक्षण क्रियाकलापको अवस्था पहिचान गर्नका लागि सम्बन्धित विद्यालयका प्र.अ. नै प्रमुख व्यक्ति हुने र उनीहरूबाट नै आधिकारकि र सत्यतथ्य सूचनाहरू सङ्कलन

गर्न सजिलो हुने भएकाले छनोटमा परेका प्रत्येक विद्यालयका १/१ जना गरी ४ जना प्रध्यानाध्पापकलाई उद्देश्यमूलक नमुना छनोट विधिद्वारा स्वतः छनोट गरिएको छ। (अनुसूची २ मा हेर्नुहोस)

### ३.१.५ शिक्षकको छनोट

यस अध्ययनको लागि छनोटमा परेका विद्यालयहरूको कक्षा ५ मा सामाजिक अध्ययन विषय शिक्षण गर्ने सबै शिक्षकहरू लिइने पूर्व योजना अनुसार ४ जना शिक्षकहरूलाई लिइएको छ । (अनुसुची ३ मा हेर्नुहोस)

### ३.१.६ विद्यार्थी छनोट

विद्यार्थीहरूको छनोट गर्दा ४ वटै विद्यालयका कक्षा ५ का छात्र छात्राहरूको अलग अलग समूह वनाई चिठ्ठा प्रणाली (Random Sampling Method) अपनाई ५ जना छात्र र ५ जना छात्रा गरी एउटा विद्यालयबाट १० जनाको दरले ४ वटै विद्यालयबाट जम्मा ४० जना विद्यार्थी छनोट गरिएको छ । ( अनुसूची ४ मा हेर्नुहोस)

## ३.२ साधनहरूको निर्माण

सूचना सङ्कलनका निमित्त प्रयोग गरीने औजारलाई अध्ययनका साधन भनिन्छ । कुनै पनि अध्ययनको उद्देश्य पूरा गर्न आवश्यक पर्ने सूचनाहरू सङ्कलन गर्नका लागि विभिन्न औजारहको निर्माण गरिन्छ जसलाई साधनहरूको निर्माण भनिन्छ । सूचना सङ्कलनका लागि अन्तर्वार्ता, अवलोकन, प्रश्नावली, दस्तावेज अध्ययन, घटनावृत्त, अभिलेख जस्ता साधनहरूको प्रयोग गरिन्छ । कुनै पनि अध्ययन अनुसन्धानका लागि यर्थाथ सूचना सङ्कलन गर्न साधनहरूको निर्माण गरिन्छ । प्रस्तुत अध्ययनको उद्देश्य पूरा गर्नको लागि आवश्यक पर्ने सूचनाहरूलाई सरल एवम् व्यवस्थित रूपबाट सङ्कलन गर्न साधनहरू निर्माण गरिएको छ । यस अध्ययनको लागि आवश्यक पर्ने साधनहरू निर्माण गर्न सहपाठी साथीहरूसँग छलफल गरी प्राप्त सूचनाका आधारमा साथै शोध निर्देशकको सल्लाह तथा सुझावका आधारमा निर्माण गरिएको छ । यस अध्ययनसँग सम्बन्धित सूचना सङ्कलन गर्न निम्न साधनहरू निर्माण गरी प्रयोग गरिएको छ।

### ३.२.१ असंरचित अन्तर्वार्ता

अनुसन्धानको क्रममा प्राथमिक तथ्याङ्कहरू सङ्कलन गर्ने विभिन्न विधिहरूमध्ये अन्तर्वार्ता पनि प्रमुख विधि हो । अन्तर्वार्ता सञ्चार आदान प्रदान वा अन्तरक्रियाको त्यो विधि हो, जसमा अन्तर्वार्ता दिने व्यक्तिले आमने सामाने भएर मौखिक रूपमा आवश्यक जानकारीहरू दिने गर्दछ ।अन्तर्वार्ता मुख्य गरी दुई किसिमको हुन्छ । जसमा संरक्षित र असंरक्षित । प्रस्तुत अध्ययनमा असंरक्षित अन्तर्वार्ताको प्रयोग गरिएको छ ।

पूर्व निर्धारित योजना बिना नै गरिने अन्तर्वार्तालाई असंरक्षित अन्तर्वार्ता भनिन्छ । कक्षा ५ को सामाजिक अध्ययन विषय शिक्षकहरूको पृष्ठभूमि पत्ता लगाउन र शिक्षण क्रियाकलापको पहिचान गर्न छनोटमा परेका प्र.अ र शिक्षकसँग असंरक्षित अन्तर्वार्ता लिइएको छ भने शिक्षण क्रियाकलापप्रति शिक्षकको दृष्टिकोण पहिचान गर्न छनोटमा परेका शिक्षकसँग असंरक्षित अन्तर्वार्ता लिइएको छ । अध्ययनको विषयमा गहन र सघन सूचनाहरूको सङ्कलन गर्न तथा अध्ययनको विषयसँग सम्बन्धित सहभागिहरूको विविध धारणाहरूको खोज गर्न असंरक्षित अन्तर्वार्ता लिइएको थियो । (अनुसूची ५ र ६ मा हेर्नुहोस)

### ३.२.२ लक्षित समूह छलफल

लक्षित समूह भन्नाले त्यस्तो विशेष प्रकारको समूह हो जसको समान उद्देश्य, समान विशेषताहरू हुन्छन्, निश्चित आकार हुन्छ र निश्चित प्रक्रियाको आधारमा सञ्चालन गरिएको हुन्छ । कुनै पनि कार्यक्रम, मुद्दा, उत्पादन तथा सेवाहरूको बारेमा अध्ययन गर्न त्यस्ता पक्षहरूसँग सम्बन्धित व्यक्तिहरूको विचार, भावना, र धारणा बुझ्न जरुरी हुन्छ  र उनीहरूको विचार र भावना बुझ्न उनीहरूलाई संगठित गर्नु लक्षित समूहहरूको निर्माण हो भने उनीहरूको विचार र भावना बुझ्न समूहहरू वीच छलफल गराउनु लक्षित समूह छलफल हो ।

प्रस्तुत अध्ययनले प्रत्यक्ष रूपमा विद्यार्थीहरूलाई प्रभावित पार्ने तथा प्र.अ र शिक्षकले दिएका प्रतिक्रियाहरूको प्रमाणिकरण गर्नको लागि विद्यार्थीहरूलाई लक्षित समूहको रूपमा लिइएको छ । शिक्षण क्रियाकलापको अवस्था सम्बन्धी पहिचान सम्बन्धी सूचना र शिक्षण क्रियाकलापप्रति विद्यार्थीहरूको दृष्टिकोण पहिचान सम्बन्धी  सूचना सङ्कलनका गर्नका लागि छनोटमा परेका प्रत्येक विद्यालयका कक्षा ५ का विद्यार्थीहरूबाट ४ जना छात्रहरूको एक समूह र ४ जना छात्राहरूको अर्को समूह गरी जम्मा २ समूह निर्माण गरी शिक्षण क्रियाकलापप्रतिको विचार, भावना, सोचाई तथा धारणा सङ्कलन गर्न समूह छलफल निर्देशिका तयार गरीसोही अनुसार लक्षित समूह छलफल सञ्चालन गरिएको थियो ।

### ३.२.३ कक्षा अवलोकन फारम

कक्षा कोठामा गरिने शिक्षण क्रियाकलापको अवलोकनका लागि शिक्षक तथा विद्यार्थीद्वारा कक्षाकोठाभित्र गरिने सम्पूर्ण क्रियाकलापहरूलाई राखि तयार पारिएको फारम नै कक्षा अवलोकन फारम हो । यहाँ अध्ययनकर्ताले सम्बन्धित विद्यालयको कक्षा शिक्षण क्रियाकलाप अवलोकन गर्न प्रत्यक्ष सहभागी भै सहभागीतामूलक अवलोकन विधिको प्रयोग गरिएको थियो । जसमा  कक्षा ५ को सामाजिक अध्ययन विषयमा शिक्षण क्रियाकलापको अवस्था अध्ययनका लागि कक्षा शिक्षण अवलोकन फारम निर्माण गरी कक्षा क्रियाकलापको सुरुवात, कक्षाकोठा व्यवस्थापन, शैक्षिक सामाग्री, शिक्षण विधि, विद्यार्थी मूल्याङ्कन र गृहकार्य जस्ता विषयवस्तु राखि छनोटमा परेका चारैवटा विद्यालयका सामाजिक अध्ययन विषयको प्रत्येक विद्यालयको कक्षा ५ मा २ पटकका दरले ८ पटक कक्षा अवलोकन गरी सूचना सङ्कलन गरिएको थियो । (अनुसूची ७ मा हेर्नुहोस)

## ३.२.४ सूचना सङ्कलन प्रक्रिया

यस अध्ययन अनुसन्धान कार्य पूरा गर्नका लागि अध्ययनकर्ता स्वयम् अध्ययन क्षेत्रमा गएर सूचना सङ्कलन गरिएको छ । नमुना छनोटमा परेका विद्यालयमा गएर र विद्यालयका प्र.अ लाई भेटी आफ्नो अध्ययनको उद्देश्य स्पष्ट पारी अध्ययन गर्न  अनुमति र सहयोग लिइएको थियो । विद्यार्थी छनोट जस्तो महत्वपूर्ण कार्यमा पनि प्र.अ तथा शिक्षकहरूको सहयोग लिइएको थियो । चारैवटै विद्यालयका प्र.अ तथा शिक्षकसँग आवश्यक सूचना सङ्कलनका लागि प्र.अ र शिक्षकसँग अन्तर्वार्ता, अनिवार्य विषय अध्यापन गराउने शिक्षकहरूको कक्षा शिक्षण अवलोकन गर्ने, प्रत्येक विद्यालयका शिक्षकहरूको पृष्ठभूमि सम्बन्धी दस्तावेज अध्ययन गर्ने  र विद्यार्थीसँग समूह छलफल गरी सूचना सङ्कलन गर्ने  गरिएको थियो ।

## ३.२.५ दस्तावेज अध्ययन

कुनै व्यक्ति वा संस्थाको मातहतमा रहेका लिखित वा पूर्वप्रकाशित तथा संकलित तथ्याङ्कहरूको अध्ययन नै दस्तावेज अध्ययन हो । कक्षा ५ को सामाजिक अध्ययन विषय अध्यापन गराउने शिक्षकहरूको पृष्ठभूमि पत्ता लगाउन छनोटमा परेका विद्यालयहरूका शिक्षकहरूको रेकर्डसम्बन्धी दस्तावेजहरू अध्ययन गरी सूचना सङ्कलन गरिएको थियो ।

यस  अध्ययनमा कक्षा क्रियाकलापको सुरुवात, कक्षाकोठा व्यवस्थापन, शिक्षण विधि, कक्षाकोठा शिक्षण गर्दा प्रयोग गरिने शिक्षण सिकाइ क्रियाकलापहरूको प्रयोग, विद्यार्थी मुल्याङ्कनमा प्रभावकारिता,  शैक्षिक सामाग्रीको अवस्था र पाठसँगको सान्दर्भिकता कस्तो छ ? भनि पत्ता लगाउन कक्षा अवलोकन फारम प्रयोग गरिएको थियो ।

## ३.२.६ सूचना विश्लेषण प्रक्रिया

शैक्षिक अनुसन्धानमा सङ्ख्यात्मक तथ्याङ्क मात्र नभई गुणात्मक तथ्याङ्कह पनि सङ्कलन हुन्छन् । यस अध्ययनको उद्देश्य पूरा गर्नका लागि आवश्यक पर्ने सूचना सङ्कलन गर्न निर्माण गरिएका अध्ययन सामाग्री अन्तर्वार्ता निर्देशिका, समूह छलफल निर्देशिका, कक्षा अवलोकन फारमका साथै दस्तावेजबाट प्राप्त सूचनाहरूलाई उद्देश्य अनुसार सिलसिला मिलाएर शाब्दिक रूपमा विश्लेषण र व्याख्या गरिएको छ ।

# अध्याय : चार

# सूचनाको विश्लेषण र व्याख्या

जुनसुकै अनुसन्धान कार्यका लागि तथ्याङ्क सङ्कलन गरिसकेपश्चात् ती तथ्याङ्कहरूको विश्लेषण र व्याख्या गर्नुपर्ने हुन्छ । यस अध्ययनमा कक्षा ५ को सामाजिक अध्ययन विषयमा शिक्षण क्रियाकलापको अवस्था पहिचान गर्ने, शिक्षण क्रियाकलापप्रति शिक्षकप्रति शिक्षक र विद्यार्थीको दृष्टिकोण पत्तालगाउने तथा शिक्षकहरूको पृष्ठभूमि पत्ता लगाउने प्रमुख उद्देश्य रहेको छ । यिनै उद्देश्यलाई पूरा गर्नका लागि छनोटमा परका काभ्रेपलाञ्चोक जिल्लाका ४ वटा विद्यालयका प्र.अ र शिक्षकहरूसँग अन्तर्वार्ता, सामाजिक अध्ययन विषयहरूको कक्षा अवलोकन तथा विद्यार्थीहरूसँग समूह छलफल गरी सङ्कलन गरिएका सूचना, सुझाव सल्लाह र विचारका आधारमा विश्लेषण र व्याख्या गरिएको छ । मुलतः यो अध्ययनमा सरकारी विद्यालयका शिक्षकहरूको सामाजिक अध्ययन विषयको शिक्षण क्रियाकलापको अवस्था अध्ययन गरिएको हुदाँ यी विषयहरू अध्यापन गर्ने शिक्षकहरूको पृष्ठभूमि, शिक्षण क्रियाकलापप्रति प्र.अ., शिक्षक तथा विद्यार्थीको अवधारणा र दृष्टिकोण कस्तो रहेको छ  भन्नेबारे प्रश्न सोध्ने  तथा छलफल गरिएको थियो । यसरी कक्षा ५ को सामाजिक अध्ययन विषयमा शिक्षण सिकाइ सम्बन्धी सूचना सङ्कलन गरी सङ्कलित सूचनाहरूलाई निम्नानुसार विश्लेषण एवम् व्याख्या गरिएको छ ।

## ४.१ शिक्षकहरूको पृष्ठभूमि

कुनै पनि शिक्षक विषयगत रूपले परिपक्व एवम् दक्ष भएमा प्रभावकारी शिक्षण गरी विद्यार्थीको सर्वाङ्गीण विकासका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछ । राष्ट्रको विकासमा शिक्षा एक आधार भएको र दक्ष शिक्षकले मात्र शिक्षाको विकासको गतिलाई तीव्रतर एवम् अर्थपूर्ण बनाउन सक्ने भएकाले यहाँ सामाजिक अध्ययन विषय अध्यापन गर्ने शिक्षहरूको पृष्ठभूमि पत्ता लगाई त्यसको विश्लेषण एवम् व्याख्या गरिएको छ ।

तालिका नं. ४.१

सामाजिक अध्ययन अध्ययपन गराउने शिक्षकहरुको पृष्ठभूमि

| शिक्षकको नाम | योग्यता | अनुभव वर्ष | तालिम | मातृ भाषा | धर्म | जात जाति | सेवाको किसिम | ठेगाना | विद्यालय |
|---|---|---|---|---|---|---|---|---|---|
| निर्मला श्रेष्ठ | आइं.एड | १५ वर्ष | प्राप्त | नेवारी | हिन्दु | नेवारी | स्थायी | कुशादेवी ३ | श्री कुशादेवी उ.मा.वि |
| लक्ष्मी घिमिरे | आइं.एड | १६ | प्राप्त | नेपाली | हिन्दु | व्राम्हण | स्थायी | कुशादेवी ७ | श्री विहावर नि.मा.वि |
| शर्मीला आचार्य | वि.एड | २ वर्ष | प्राप्त | नेपाली | हिन्दु | व्राम्हण | अस्थायी | कुशादेवी ५ | श्री सूर्यज्योति नि.मा.वि |
| सुर्दशन अधिकारी | आइ.ए | २८वर्ष | प्राप्त | नेपाली | हिन्दु | व्राम्हण | स्थायी | कुसादेवी ७ | श्री फुलचोकी नि.मा.वि |

स्रोतः स्थलगत अध्ययन

प्रस्तुत तालिका मा उल्लेखित शिक्षकहरु विद्यालय रहेकै गा.वि.स अन्तर्गत विभिन्न वडामा स्थायी वसोवास भएको पाइयो । ४ जना शिक्षक मध्ये १जना शिक्षकको मातृभाषा नेवारी भएको र अन्य ३ जनाको मातृभाषा नेपाली एको पाइयो । ४ जना मध्ये ३ जना शिक्षक लामो सयम देखि शिक्षण पेशामा आवद्ध भएको पाइयो ।भने सवै शिक्षकहरु तालिम प्राप्त पाइयो । ३ जना शिक्षकहरु स्थायी भएको  र वाँकी १ जना शिक्षक अस्थायी भएको पुष्टि माथिको तालिका वाट गर्न सकिन्छ ।

यसरी कक्षा पाँचको सामाजिक अध्ययन विषय अध्यापन गर्ने शिक्षकको विवरणलाई हेर्दा जातमा अधिकांश व्राम्हण र नेवार भाषा, धर्म र लैगिक पक्षमा समानता देखियो ।साथै स्थानीय वासिन्दा रहेको पाइयो भने उमेरका हिसावमा धेरै अन्तर रहेको छ । सवै शिक्षकहरु आवश्यक न्यूनतम योग्यता पुरा गरेका तालिम प्राप्त रहेका देखिए । तर शिक्षण अनुभव अन्तरमा पनि ठूलो अन्तर भएको देखिन्छ । समग्र रुपमा सामाजिक अध्ययन विषय शिक्षण गर्ने शिक्षकहरुमा केही पक्षमा समानता देखिन्छ भने केही पक्षमा असमानता भएको देखिन्छ ।

## ४.२ शिक्षण क्रियाकलापको अवस्था

कक्षा ५ को सामाजिक अध्ययन विषयको शिक्षण क्रियाकलापको अवस्था पहिचान गर्न चारै वटा विद्यालयका सामाजिक अध्ययन विषयका शिक्षकहरूसँग अन्तर्वार्ता तथा कक्षा अवलोकन गरिएको थियो । जसबाट प्राप्त प्रतिक्रियालाई तलको तालिकामा देखाइएको छ ।

## तालिका नं ४.२

## कक्षा ५को सामाजिक अध्ययन विषयको शिक्षण क्रियाकलापको अवस्था

| शिक्षक क्रियाकलाप | शिक्षण क्रियाकलाप | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | श्री कुशादेवी उ.मा.वि | | श्री विहावर नि.मा.वि | | श्री फुलचोकी नि.मा.वि | | श्री सूर्यज्योति नि.मा.वि | |
| | शिक्षक अन्तर्वार्ता | कक्षा अवलोकन | शिक्षक अन्तर्वार्ता | कक्षा अवलोकन | शिक्षक अन्तर्वार्ता | कक्षा अवलोकन | शिक्षक अन्तर्वार्ता | कक्षा अवलोकन |
| १. कक्षा सुरुवात | पूर्वपाठको स्मरण गराएर | विषयवस्तुमा सिधै प्रवेश गरिएको | पूर्वपाठको स्मरण गराएर | विषयवस्तुमा सिधै प्रवेश गरेर | पूर्वपाठको स्मरण | विषयवस्तुमा सिधै प्रवेश गरे | पूर्वपाठको स्मरण गराएर | विषयवस्तुमा सिधै प्रवेश गरेर |
| २. पाठयोजना निर्माण | बनाउको | नवानाएको | मानसिक योजना | मानसिक योजना | बनाउने | नबनाउको | मासिक योजना | नबनाउको |
| ३. शैक्षिक सामाग्रीको प्रयोग | नक्सा,चार्ट ,चित्रहरू | नक्सा | एटलास,सूची पोस्टरहरू | दैनिक प्रयोगका सामाग्रीहरूमात्र | नक्सा ग्लोव चित्रहरू | चित्रहरू | नक्सा,, ग्लोव तस्विर | दैनिक प्रयोगमा आउने सामाग्रीहरूमात्र |
| ४.शिक्षण विधि | व्याख्यान, छलफल, प्रश्नोत्तर | व्याख्यान | व्याख्यान,छलफल प्रदर्शन | व्याख्यान | प्रदर्शन,छलफल व्याख्या | छलफल | प्रर्दशन, प्रश्नोत्तर व्याख्यान | व्याख्यान |
| ५.विद्यार्थी मूल्याङ्कन प्रक्रिया | प्रश्नोत्तर | प्रश्न गरेको | प्रश्नोत्तर | प्रश्न नगरेको | प्रश्नोत्तर | प्रश्नोत्तर | प्रश्नोत्तर | नगरेको |
| ६.पाठको समाप्ति | सारांश वताएर | सारांश वताएर | सारांश वताएर | सारांश नबताएको | सारांश वताएर | सारांश बताएको | सारांश वताएर | सारांश नबताएको |
| ७.गृहकार्य | दिएको र जाँच्ने गरेको | दिने र जाँच गरेको | जाँच्ने गरेको | नदिएको | दिने र जाँच्ने गरेको | दिने र जाँच्ने गरेको | दिने र जाँच्ने गरेको | नदिएको |

स्रोत:कक्षा अवलोकन

माथिको तालिकाको विश्लेषण गर्दा निम्नानुसार पाइयो :-

क. कक्षाको सुरुवात वारे छलफल गर्दाः पूर्व पाठको स्मरणवाट ४ जना मध्ये सवैले अर्थात १०० प्रतिशतले नै गर्ने गरेको वताएका

कक्षा अवलोकन गर्दा ४ जना अर्थात १०० प्रतिशत शिक्षकहरुले पूर्वपाठको स्मरण नगराई पाठको सुरुवात गरेको पाइयो ।

ख. पाठयोजना निर्माण गरि पढाउने वारे : ४ जना सँग छलफल गर्दा थाहा पाइयो कि २ जना अर्थात ५० प्रतिशतले पाठयोजना वनाएर पढाएको २ जना अर्थात ५० प्रतिशतले पाठयोजना नवनाउने गरेको भनाइ पाइयो ।

ग. शिक्षक सामाग्रीको प्रयोग वारे : ४ जना सँग छलफल गर्दा ४ जना मध्ये सवैले अर्थात १०० प्रतिशले गर्ने वताएका

कक्षा अवलोकन गर्दा थाहा पाइयो कि ४ जना मध्ये २ जना अर्थात ५० प्रतिशतले विषयवस्तु अनुसार प्रयोग गरेको र वाँकी २ जना अर्थात ५० प्रतिशतले दैनिक प्रयोगमा आउने सामाग्रीहरुको प्रयोग गरेको पाइयो ।

घ. शिक्षण विधि अपनाउने वारे : ४ जना सँग छलफल गर्दा सवै अर्थात १०० प्रतिशतले अपनाउने वताएका

कक्षा अवलोकन गर्दा थाहा पाइयो कि ४ जना मध्ये २ जना अर्थात ५० प्रतिशतले विषय वस्तु अनुसारको शिक्षण सामाग्रीको प्रयोग गरेको र वाँकी २ जना अर्थात ५० प्रतिशतले दैनिक प्रयोगमा आउने सामाग्रीहरु मात्र प्रयोग गरेको पाइयो ।

ङ विद्यार्थी मुल्याङ्कन वारे : ४ जना अर्थात सवै सँग छलफल गर्दा सवै ४ जना अर्थात १०० प्रतिशतले मुल्याङ्कन गर्ने गरेका वताएका

कक्षा अवलोकनका क्रममा ४ जना मध्ये २ जना अर्थात ५० प्रतिशतले प्रश्नोत्तर गरेको र वाँकी २ जना अर्थात ५० प्रतिशतले मुल्याङ्कन नगर्ने गरेको पाइयो ।

च. पाठको समाप्ति वारेः ४ जना अर्थात १०० प्रतिशत शिक्षकसँग छलफल गर्दा सारांस वताएर समाप्ति गर्ने गरेको वताएका

कक्षा अवलोकनका क्रममा ४ जना मध्ये २ जना अर्थात ५० प्रतिशतले सारांस वताएर समाप्ति गर्ने गरेको र वाँकी २ जना अर्थात ५० प्रतिशतले सारांस नवताई पाठको समाप्ति गरेको पाईयो।

छ. गृहकार्य का सम्वनधमा : ४ जना मध्ये सवै अर्थात १०० प्रतिशत शिक्षकले गृहकार्य दिने र जाँच्ने गरेको वताएका

ज. कक्षा अवलोकनका क्रमा ४ जना मध्ये २ जना अर्थात ५० प्रतिशतले गृहकार्य दिने र जाँच्ने गरको पाइयो र वाँकी २ जना अर्थात ५० प्रतिशतले नगरेको पाइयो ।

**तालिका नं. ४.३**

**शिक्षण क्रियाकलापका सम्बन्धमा विद्यार्थी प्रतिक्रिया**

| क.स | शीर्षक | विद्यार्थी प्रतिक्रिया | | | |
|---|---|---|---|---|---|
| **१** | **कक्षाको सुरुवात** | **पूर्वपाठको स्मरण गराउने** | **२० जना** | **पूर्व पाठको स्मरण नगराउने** | **२० जना** |
| २ | पाठयोजना | पाठयोजना बनाउने | १० जना | पाठयोजना नबनाउने | ३० जना |
| ३ | शैक्षिक सामाग्रीको प्रयोग | शैक्षिक सामाग्रीको प्रयोग गर्ने | १० जना | शैक्षिक सामाग्रीको प्रयोग नगर्ने | ३०जना |
| ४ | शिक्षण विधि | शिक्षण विधि प्रयोग गर्ने | ३० जना | शिक्षण विधि प्रयोग नगर्ने | १० जना |
| ५ | मूल्याङ्कन | मूल्याङ्कन गर्ने | २० जना | विद्यार्थी मूल्याङ्कन नगर्ने | २० जना |
| ६ | पाठको समाप्ति | पाठको समाप्ति सारांश वताएर गर्ने | २० जना | पाठको सारांश वताएर नगर्ने | २० जना |
| ७ | गृहकार्य | गृहकार्य दिने र जाँच्ने गरेको | २० जना | गृहकार्य नदिने | २० जना |

स्रोतः विद्यार्थी अन्तर्वार्ता

माथिको तालिकालाई विश्लेषण गर्दा  निम्नानुसार पाइयो

क. शिक्षकले कक्षाको सुरुवात कसरी गर्दछन् भन्ने प्रश्न सोधेकोमा ४० जना विद्यार्थी मध्ये २० जना अर्थात् ५० प्रतिशतले पूर्वपाठको स्मरण गराएर गर्ने गरेको र बाँकी २० जना अर्थात् ५० प्रतिशतले पूर्वपाठको स्मरण बिना कक्षाको सुरुवात गर्ने गरेको जवाफ पाइयो ।

ख. शिक्षकले पाठयोजना निर्माण गरी शिक्षण गर्छन् भन्ने प्रश्नमा ४० जना विद्यार्थी मध्ये १० जना अर्थात् २५ प्रतिशतले गर्ने गरेको बताएका थिए भने बाँकी ३० जना अर्थात् ७५ प्रतिशतल बिना पाठयोजना शिक्षण गर्ने गरेको बताएका ।

ग. शैक्षिक सामाग्रीको प्रयोग गरी शिक्षण गर्छन् भन्ने प्रश्नमा ४० जना विद्यार्थी मध्ये १० जना अर्थात् २५ प्रतिशत विद्यार्थीले विषयवस्तु अनुसारको शैक्षिक सामाग्रीको प्रयोग गर्ने गरेको बताएका थिए भने बाँकी ३० जना अर्थात् ७५ प्रतिशतले दैनिक प्रयोगमा आउने शैक्षिक सामाग्रको प्रयोग मात्र गर्ने गरेको बताएका थिए ।

घ. विषयवस्तु अनुसारको शिक्षण विधिको प्रयोग गर्छन् भन्ने प्रश्नमा ४० जना विद्यार्थी मध्ये ३० जना अर्थात ७५ प्रतिशतले विषयवस्तु अनुसारको शिक्षण विधि प्रयोग गर्ने बताएका थिए भने बाँकी १० जना अर्थात् २५ प्रतिशतले सो अनुसार नगर्ने गरेको बताएका थिए।

ङ. विद्यार्थी मुल्याङ्कन हुन्छ कि हुदैन भन्ने प्रश्नमा ४० जना विद्यार्थी मध्ये २० जना अर्थात् ५० प्रतिशतले गर्ने गरेको बताएका थिए भने बाँकी २० जना अर्थात् ५० प्रतिशतले मुल्याङ्कन नगर्ने बताएका थिए ।

च. पाठको समाप्ति कसरी गर्दछन् भन्ने प्रश्नमा ४० जना विद्यार्थी मध्ये २० जना अर्थात् ५० प्रतिशतले पाठको सारांश वताएर गर्ने गरेको बताएका थिए भने बाँकी २० जना अर्थात् ५० प्रतिशतले पाठको सारांश नवताईकन पाठको समाप्ति गर्ने गरको बताएका थिए ।

छ. गृहकार्य का सम्बन्धमा प्रश्न गर्दा ४० जना विद्यार्थी मध्ये २० जना अर्थात् ५० प्रतिशतले गृहकार्य दिने र जाँच्ने गरेको बताएका थिए भने बाँकी २० जना अर्थात् ५० प्रतिशतले नदिने गरेको बताएका थिए ।

**तालिका नं. ४.४**

**शिक्षण क्रियाकलापका सम्बन्धमा प्र.अ को प्रतिक्रिया**

| क.स | शीर्षक | प्र.अ को प्रतिक्रिया | | | |
|---|---|---|---|---|---|
| १ | कक्षाको सुरुवात | पूर्वपाठको स्मरण गराउने | ३ प्र.अ | पूर्व पाठको स्मरण नगराउने | १ प्र.अ |
| २ | पाठयोजना | पाठयोजना बनाउने | १ प्र.अ | पाठयोजना नबनाउने | ३ प्र.अ |
| ३ | शैक्षिक सामाग्रीको प्रयोग | शैक्षिक सामाग्रीको प्रयोग गर्ने | १ प्र.अ | शैक्षिक सामाग्रीको प्रयोग नगर्ने | ३ प्र.अ |
| ४ | शिक्षण विधि | शिक्षण विधि प्रयोग गर्ने | ३ प्र.अ | शिक्षण विधि प्रयोग नगर्ने | १ प्र.अ |
| ५ | मूल्याङ्कन | मूल्याङ्कन गर्ने | २ प्र.अ | विद्यार्थी मूल्याङ्कन नगर्ने | २ प्र.अ |
| ६ | पाठको समाप्ति | पाठको समाप्ति सारांश वताएर गर्ने | २ प्र.अ | पाठको सारांश वताएर नगर्ने | २ प्र.अ |
| ७ | गृहकार्य | गृहकार्य दिने र जाँच्ने गरेको | २ प्र.अ | गृहकार्य नदिने | २ प्र.अ |

स्रोतः प्र.अ अन्तर्वार्ता

माथिको तालिकालाई विश्लेषण गर्दा निम्नानुसार पाइयोः

क. शिक्षकले कक्षाको सुरुवात कसरी गर्दछन् भन्ने प्रश्न सोधेकोमा ४ जना प्र.अ  मध्ये ३ जना अर्थात् ७५ प्रतिशतले पूर्वपाठको स्मरण गराएर गर्ने गरेको र बाँकी १ जना अर्थात् २५ प्रतिशतले पूर्वपाठको स्मरण बिना कक्षाको सुरुवात गर्ने गरेको जवाफ पाइयो ।

ख. शिक्षकले पाठयोजना निर्माण गरी शिक्षण गर्छन् भन्ने प्रश्नमा ४ जना मध्ये मध्ये १जना अर्थात् २५ प्रतिशतले गर्ने गरेको बताएका थिए भने बाँकी ३ जना अर्थात् ७५ प्रतिशतल बिना पाठयोजना शिक्षण गर्ने गरेको बताएका ।

ग. शैक्षिक सामाग्रीको प्रयोग गरी शिक्षण गर्छन् भन्ने प्रश्नमा ४ जना प्र.अ मध्ये १ जना अर्थात् २५ प्रतिशत विद्यार्थीले  विषयवस्तु अनुसारको शैक्षिक सामाग्रीको प्रयोग गर्ने गरेको बताएका थिए भने बाँकी ३ जना अर्थात् ७५ प्रतिशतले दैनिक प्रयोगमा आउने शैक्षिक सामाग्रको प्रयोग मात्र गर्ने गरेको बताएका थिए ।

घ. विषयवस्तु अनुसारको शिक्षण विधिको प्रयोग गर्छन् भन्ने प्रश्नमा ४ जना प्र.अ। मध्ये ३ जना अर्थात ७५ प्रतिशतले विषयवस्तु अनुसारको शिक्षण विधि प्रयोग गर्ने बताएका थिए भने बाँकी १ जना अर्थात् २५ प्रतिशतले सो अनुसार नगर्ने गरेको बताएका थिए ।

ङ. विद्यार्थी मुल्याङ्कन हुन्छ कि हुदैन भन्ने प्रश्नमा ४ जना प्र.अ मध्ये २ जना अर्थात् ५० प्रतिशतले गर्ने गरेको बताएका थिए भने बाँकी २ जना अर्थात् ५० प्रतिशतले मुल्याङ्कन नगर्ने बताएका थिए ।

च. पाठको समाप्ति कसरी गर्दछन् भन्ने प्रश्नमा ४ जना प्र.अ मध्ये २० जना अर्थात् ५० प्रतिशतले पाठको सारांश वताएर गर्ने गरेको बताएका थिए भने बाँकी २० जना अर्थात् ५० प्रतिशतले पाठको सारांश नवताईकन पाठको समाप्ति गर्ने गरको बताएका थिए ।

छ. गृहकार्य का सम्बन्धमा प्रश्न गर्दा ४ जना  मध्ये २ जना अर्थात् ५० प्रतिशतले गृहकार्य दिने र जाँच्ने गरेको बताएका थिए भने बाँकी २ जना अर्थात् ५० प्रतिशतले नदिने गरेको बताएका थिए ।

# अध्याय : पाँच

# प्राप्ति, निष्कर्ष र सुझावहरू

यस अध्ययन काभ्रे जिल्लाको कुशादेवी गा.वि.स मा संचालित ४ वटा विद्यालयहरूमा कक्षा ५ को सामाजिक अध्ययन विषयमा शिक्षण क्रियाकलापको अवस्था पहिचान गर्नका लागि सबै विद्यालयको दस्तावेज अध्ययन, सामाजिक अध्ययन विषय अध्यापन गर्ने शिक्षकहरूको कक्षा शिक्षण अवलोकन, प्र.अ र शिक्षकहरूसँग असंरक्षित अर्न्तवाता छलफल र विद्यार्थीहरूसँग लक्षित समूह छलफलजस्ता सूचना सङ्कलनका साधनहरू प्रयोग गरी सूचना सङ्कलन गरिएको थियो । उक्त सङ्कलित सूचनाहरूको विश्लेषण र व्याख्याको आधारमा निम्नानुसार प्राप्ति, निष्कर्ष र सुझावहरू प्रस्तुत गरिएको छ ।

## ५.१ प्राप्ति

यस शोध अध्ययनको सिलसिलामा सङ्कलित सूचनाहरूको विश्लेषण र व्याख्याको आधारमा प्राप्त भएका प्राप्तिहरूलाई उद्देश्यात्मक रूपमा क्रमशःनिम्नाुसार प्रस्तुत गरिएको छ :

**शिक्षकको पृष्ठभूमि**

i. अध्ययनको क्रममा छनोटमा परेका विद्यालयमा अध्यापनरत ४ जना शिक्षकहरू मध्ये १ जना शिक्षक उक्त गा.वि.स भन्दा बाहिर स्थायी ठेगाना भएको पाइयो ।

ii. छनोटमा परेका विद्यालयमा अधिकांश शिक्षकहरू ब्राह्मण जातिका हिन्दु धर्म मान्ने पुरुष भए पनि, क्षेत्री, जनजाति तथा महिला शिक्षिकाको पनि प्रतिनिधित्व भएको पाइयो ।

iii. विद्यालयका शिक्षकहरूको उमेर न्यूनतम ३० वर्ष देखि अधिकतम ५६ वर्ष भित्र रहेका र शिक्षण अनुभव न्यूनतम २ वर्ष देखि अधिकतम २८ वर्ष रहेका र स्थायी शिक्षकहरू धेरै पाइयो ।

iv. अध्ययनमा परेका विद्यालयका सबै शिक्षकहरूले कम्तीमा प्रमाणपत्र तह उतीर्ण गरी तालिम प्राप्त भए तापनि सामाजिक शिक्षा वाहेक अन्य विषयमा स्नातकपास गरेका गरेका १ जना, १ जना सामाजिक विषयमा स्नातक र बाँकी २ जना अन्य विषयमा स्नातक तह पास गरेको पाइयो ।

v. सामाजिक अध्ययन विषयको कक्षा सुरुवात गर्दा अधिकांश शिक्षकहरू पूर्वपाठको स्मरण नगराई विषयवस्तुमा सिधै प्रवेश गरेको पाइयो ।

vi. सामाजिक अध्यापन गर्ने सबै शिक्षकले पाठयोजना निर्माण नै नगरीकनै शिक्षण गरेको पाइयो ।

vii. अध्ययनको क्रममा छनोटमा परेका अधिकांश विद्यालयमा विषयवस्तुको प्रकृति अनुसारका शैक्षिक सामाग्रीको अभावका कारण दैनिक प्रयोगका सामाग्रीको मात्रै प्रयोग गरी शिक्षण गरेको पाइयो ।

viii. कक्षाा ५ को सामाजिक अध्ययन शिक्षण गर्ने सबै विद्यालयका शिक्षकहरूले अधिकांश विषयमा व्याख्यायन र छलफल विधिको मात्र प्रयोग गरी शिक्षण गरेको  केही शिक्षकहरूले प्रश्नोत्तर तथा प्रदर्शन विधि प्रयोग गरेको पाइयो ।

ix. अधिकांश विद्यालयका शिक्षकहरूले लिखित, मौखिक प्रश्नद्वारा विद्यार्थी मूल्याङ्कन गर्ने वताए पनि मौखिक प्रश्नद्वारा मात्रै विद्यार्थी मूल्याङ्कन गर्ने गरेको पाइयो ।

x. सामाजिक अध्ययन विषय अध्यापन गर्ने अधिकांश शिक्षकहरूले सारांश नवताई पाठको समाप्ति गरेको र गृहकार्य दिने र जाँच गरेको ।

## शिक्षण क्रियाकलाप सम्बन्धी दृष्टिकोण

### १. प्र.अ.को दृष्टिकोण

क. विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षकको व्यवस्था नभएको ।

ख. वार्षिक कार्यपात्रो अनुसार पूर्णरूपमा अनुशरण गर्न नसकिएको

ग. विद्यालयको आर्थिक अवस्था कमजोर भएका कारणले आवश्यक मात्रामा शैक्षिक सामाग्री जुटाउन नसकिएको

### २. शिक्षकको दृष्टिकोण

क. सरकारी विद्यालयमा पढ्न आउने विद्यार्थीहरूको सङ्ख्या उच्च हुनुका साथै फरक फरक पृष्ठभूमिबाट आएका विद्यार्थीहरूलाई तिनिहरूको वौद्धिकता अनुसार समूह विभाजन गरी शिक्षण गर्न नसकिएको जसले शिक्षण सिकाइमा समस्या उत्पन्न भएको धारणा शिक्षकहरूको पाइयो ।

ख. विषयवस्तुको प्रकृति अनुसार विद्यालयमा शैक्षिक तथा अन्य सान्दर्भिक सामाग्री उपलब्ध नहुनुका कारण रोचक ढङ्गाबाट शिक्षण क्रियाकलाप संचालन गर्न नसकिएको पाइयो ।

ग. शिक्षण क्रियाकलापलाई प्रभावकारी बनाउनको लागि सान्दर्भिक विद्यालयले सामाग्री उपलब्ध गराउनु पर्ने धारणा शिक्षकहरूको पाइयो ।

## ३. विद्यार्थीको दृष्टिकोण

क. शिक्षकहरूले कक्षा शिक्षणको क्रममा व्याख्यान विधिलाई प्रमुख विधिको रूपमा लिई शैक्षिक सामाग्रीको प्रयोग बिना नै शिक्षण गरेका कारण विषयवस्तुको पर्याप्त ज्ञान हासिल गर्न नसकेको धारणा विद्यार्थीहरूबाट पाइयो ।

ख .विद्यार्थी केन्द्रित शिक्षण विधिको प्रयोग गदै शिक्षण क्रियाकलाप कै क्रममा बीच बीचमा मूल्याङ्कन गरी तत्काल पृष्ठपोषण प्रदान गर्न सकेमा मात्र शिक्षण क्रियाकलापलाई प्रभावकारी बनाउन सकिने धारणा विद्यार्थीहरूको पाइयो ।

## ५.२ निष्कर्ष

यस अध्ययनबाट प्राप्त सूचना र तथ्याङ्कहरूको विश्लेषण र व्याख्या पश्चात् प्राप्तिहरूको आधारमा निम्नानुसारको निष्कर्ष निकालिको छ । कक्षा ५ को सामाजिक अध्ययन विषय अध्ययपन गर्ने शिक्षकहरू सोही गा.वि.स मा स्थायी बसोबास गदै आइरहेका वाह्मण जातिका हिन्दु धर्म मान्ने पुरूप शिक्षकहरू भए पनि क्षेत्री जनजाति तथा महिलाको पनि प्रतिनिधित्व भएका पठनपाठन प्रभावकारी हुने । अधिकांश विद्यालयमा ३० देखि ५६ वर्ष सम्मको उमेर पुगेका साथै प्रमाणपत्र तह उतीर्ण तालिम प्राप्त र स्थायी शिक्षकहरू रहेको देखिन्छ ।अधिकांश शिक्षकहरू पूर्वपाठको स्मरण बिना नै सिधै विषयवस्तुमा प्रवेश गरी पाठयोजना निर्माण नगरी शिक्षण गरेको देखिन्छ । प्राय विद्यालयमा विषयवस्तुको प्रकृति अनुसारका शैक्षिक सामाग्री अभावका कारण व्याख्यान विधिको अधिकतम प्रयोग गरी शिक्षण गरेको देखिन्छ भने बढी मात्रामा मौखिक प्रश्नद्वारा विद्यार्थी मूल्याङ्कन गर्ने गरेको पाठको अन्यमा सारांश वताउने गरेको पाइएन तापनि गृहकार्य विद्यार्थीहरूलाई दिने र जाँच गरेको भने पाइयो ।

सरकारी विद्यालयमा पढ्न आउने विद्यार्थीहरूको सङ्ख्या धेरै भएका कारण उनीहरूको वौद्धिकता अनुसार समूह विभाजन गरी शिक्षण क्रियाकलापलार्य प्रभावकारी बनाउनका लागि विभिन्न चार्ट, तस्विर, चित्र, नक्सा, ग्लोव तथा अन्य सामाग्रीहरू सरकारी तवरबाटै पर्याप्तमात्रामा उपलब्ध गराउनुपर्ने देखिन्छ । विषयवस्तुको प्रकृति अनुसार र पाठ्यक्रमको उद्देश्य अनुसार शिक्षणलाई प्रभावकारी र दिगो बनाउनको लागि विद्यार्थी केन्द्रित विधि,अधिक क्रियाकलाप मुलक शिक्षण,प्रभावकारी मूल्याङ्कन प्रक्रिया र

आवश्यकता अनुसार पृष्ठपोषणको व्यवस्था गर्न सकेमा मात्र शिक्षण कार्य प्रभावकारी हुने निष्कर्ष निकाल्न सकिन्छ ।

## ५.३ सुझावहरु

यस अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा कक्षा ५ को शिक्षण शिक्षण क्रियाकलाप सम्बन्धमा निम्न लिखित सुझावहरू प्रस्तुत गर्न सकिन्छ ।

क. कक्षा ५ मा सामाजिक अध्ययन विषय अध्यापन गर्नको लागि सम्वन्धित विषयका कम्तीमा स्नातक तह उतीर्ण र तालिम प्राप्त शिक्षकको व्यवस्था हुनुपर्ने देखिन्छ ।

ख. समय समयमा पुर्नताजगी तालिमको व्यवस्था हुनु पर्दछ ।

ग. सामाजिक शिक्षा अध्यापनको लागि आवश्यक शैक्षिक सामाग्रीको व्यवस्था गरिनु पर्दछ ।

घ. शिक्षकलाई वार्षिक कार्ययोजनाको साथै दैनिक पाठयोजना निर्माण गरी सोही आधारमा शिक्षण मिलाउने व्यवस्था गरिनुपर्दछ ।

ङ. शिक्षकहरुले पाठ्यक्रम एवम् शिक्षक निर्देशिकाको अध्ययन गरी शिक्षण गरिनुपर्दछ र पाठ्यपुस्तकलाई सन्दर्भ सामाग्रीको रुपमा प्रयोग गरिनुपर्दछ ।

च. शिक्षकहरुले विद्यार्थी केन्द्रित शिक्षण विधि र अधिक क्रियाकलाप मुलक शिक्षण गरिनुपर्दछ ।

छ. सामाजिक विषयमा छलफल,प्रर्दशन,अवलोकन,खोज,एवं क्षेत्र भ्रमण विधिलाई विशेष जोड दिनु पर्दछ ।

ज. मौखिक प्रश्नको साथ साथै लिखित प्रश्नद्धारा निरन्तर र प्रयोगात्मक मुल्याङ्कन प्रक्रिया अपनाउने र आवश्यकता अनुसार पृष्ठपोषण दिने व्यवस्था गर्नु पर्दछ ।

झ. एउटा कक्षामा कम्तीमा ३० देखि ४० जना विद्यार्थी संख्यामा विद्यार्थीको व्यवस्था मिलाउने सोही आधारमा शिक्षक दरवन्दीको व्यवस्था सम्वन्धित निकायवाट गरिनु पर्दछ ।

ञ. शिक्षण प्रति शिक्षकलाई उत्प्रेरित गर्नका लागि तलव एवम् सुविधा आकर्षक वनाउनु पर्दछ ।

ट. सामाजिक अध्ययन विषयको वैज्ञानिक परीक्षणको लागि विशिष्टीकरण तालिका तथा अंकन खाकाको प्रयोग गर्नु पर्दछ ।

# सन्दर्भसूची


अधिकारी, रामेश्वर (२०६३), *सामुदायिक र संस्थागत विद्यालयका कक्षा ५ का विद्यार्थीहरुको सामाजिक शिक्षा विषयमा उपलब्धि स्तर एक तुलनात्मक अध्ययन,* शोधपत्र, एम.एड. शिक्षाशास्त्र संकाय, त्रि.वि. ।

अधिकारी, विष्णुप्रसाद (२०६६), *माध्यमिक तह अध्यापन अनुमति पत्र,* बागबजार : आशिष पुस्तक भण्डार ।

कैयुम, अव्दुल (२०६४), *सामाजिक अध्ययन शिक्षण अवधारणा तथा प्रयोग* पुतलीसडक : प्रशान्ति प्रकाशन ।

खनाल, उषा (२०६०), *सामुदायिक विद्यालयमा सामजिक अध्ययन शिक्षण* (स्नातकोत्तर शोधपत्र, कीर्तिपुर, शिक्षाशास्त्र संकाय, पाठ्यक्रम तथा मूल्याङ्कन विभाग),।

खनाल, (२०७०), *नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरुको अध्ययन* (स्नातकोत्तर शोधपत्र, कीर्तिपुर, शिक्षाशास्त्र संकाय, पाठ्यक्रम तथा मूल्याङ्कन विभाग) ।

जोशी, अग्निराज (वि.स.२०६५), *जनसंख्या तथा वातावरण विषयको पाठ्यक्रमको अपेक्षा र कक्षा शिक्षणको अवस्था अध्ययन* (स्नातकोत्तर शोधपत्र, कीर्तिपुर, शिक्षाशास्त्र संकाय, पाठ्यक्रम तथा मूल्याङ्कन विभाग) ।

तामाङ्ग, यमवहादुर (२०६५), *प्राथमिक तहमा सामाजिक अध्ययन विषयको शैक्षणिक आवश्यकताको पहिचान,* (स्नातकोत्तर शोधपत्र, कीर्तिपुर, शिक्षाशास्त्र संकाय, पाठ्यक्रम तथा मूल्याङ्कन विभाग) ।

*प्राथमिक शिक्षा पाठ्यक्रम,* (२०६५) पाठ्यक्रम विकास केन्द्र, शिक्षा मन्त्रालय, नेपाल सरकार ।

पौडेल, विनिता (२०६५), *प्राथमिक विद्यालयका शिक्षकको पेशागत स्थिति एक अध्ययन,* (स्नातकोत्तर
*शैक्षिक ज्योती* राष्ट्रिय द्वैमासिक साउन- भदौ ,२०६१

पौडेल (२०६३), *प्राथमिक विद्यालयका शिक्षकको पेशागत दक्षता एक अध्ययन* (स्नातकोत्तर शोधपत्र, कीर्तिपुर, शिक्षाशास्त्र संकाय, पाठ्यक्रम तथा मूल्याङ्कन विभाग) ।

सिंह, नागेश्वर(२०६५), *शिक्षाका आधारहरु,* रामशाहपथ, काठमाण्डौं : पैरवी प्रकाशन ।

लुइँटेल, चक्रपाणी (२०६२), *सामाजिक अध्ययन शिक्षण,* काठमाडौं : निमा पुस्तक प्रकाशन ।

पाठ्यक्रम विकास केन्द्र (२०४९), *प्राथमिक शिक्षा पाठ्यक्रम कक्षा १-५,* सानोठिमी, भक्तपुर : श्री ५ को सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय ।

पाठ्यक्रम विकास केन्द्र (२०६२), *शिक्षक निर्देशिका : मेरो* देश *कक्षा ५* (तेस्रो संस्करण), सानोठिमी, भक्तपुर : श्री ५ को सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय ।

मल्ल, कोमलवदन र साथीहरु (२०५४), *प्रारम्भिक बाल्यावस्था विकास शिक्षण विधि,* कीर्तिपुर : डीनको कार्यालय, शिक्षशास्त्र, त्रि.वि. ।

शर्मा, गोपीनाथ (२०४९), *नेपालका शिक्षा आयोगका प्रतिवेदनहरु,* काठमाडौं : मकालु बुक्स एण्ड स्टेशनर्स ।

शर्मा, चिरञ्जीवि र शर्मा, निर्मला (२०६५) *शिक्षाको समाजशास्त्रीय र दर्शनशास्त्रीय आधार,* भोटाहिटी, काठमाण्डौं, एम.के पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स ।

शिक्षक निर्देशिका कक्षा पाँच (२०६९) *सामाजिक अध्ययन तथा सिर्जनात्मक कला* पाठ्यक्रम विकास केन्द्र, शिक्षा मन्त्रालय, नेपाल सरकार ।

शिक्षा विभाग (२०६०), *सामाजिक अध्ययन शिक्षण पाठ्यसामग्री माध्यमिक तह,* सानोठिमी, भक्तपुर ।

सिंह, नागेश्वर (२०६५), *शिक्षाका आधारहरु,* रामशाहपथ, काठमाण्डौं : पैरवी प्रकाशन ।

CERID, त्रि.वि.वि (सन् १९८७) *राम्रो तालिम विषयक तालिम गोष्ठी,* काठमाण्डौं ।

MOES (1992). *Primary Education Curriculum.* Bhaktpur : Curriculum Development Centre.

MOES (2003). *Effective of Primary Curriculum.* Bhaktpur Department of Education.

MOES (2060 B.S.). *Education.* Bhaktpur : Curriculum Development Centre.

Taba, Hilda (1992). *Curriculum Development : Theory and Practice.* New York : Har Court Brace World.

## अनुसुची १

## प्र.अ हरूको नामावली

| क.स | प्र.अ.को नाम | विद्यालयको नाम | ठेगाना |
|---|---|---|---|
| ०१ | रमेश पौड्याल | श्री कुशादेवी उ.मा.वि | कुशादेवी ७ काभ्रे |
| ०२ | मोहन श्रेष्ठ | श्री विहावर नि.मा.वि | कुशादेवी १ काभ्रे |
| ०३ | केशव हुमागाई | श्री फुलचोकी नि.मा.वि | कुशादेवी ६ काभ्रे |
| ०४ | वालचन्द्र आचार्य | श्री सूर्यज्योति | कुशादेवी ५ काभ्रे |

## अनुसुची २

शिक्षकहरूको नामावली

| क.स | शिक्षकहरूको नाम | विद्यालयको नाम |
|---|---|---|
| ०१ | निर्मला श्रेष्ठ | श्री कुशादेवी उ.मा.वि |
| ०२ | लक्ष्मी घिमिरे | श्री विहावर नि.मा.वि |
| ०३ | शर्मीला आचार्य | श्री फुलचोकी नि.मा.वि |
| ०४ | सुर्दशन अधिकारी | श्री सूर्यज्योति |

## अनुसुची ३

छनोटमा परेका विद्यार्थीहरूको नामावली

| क.स | विद्यार्थीको नाम | विद्यालयको नाम | कक्षा |
|---|---|---|---|
| ०१ | दर्पण न्यौपाने | श्री कुशादेवी उ.मा.वि | ५ |
| ०२ | शंकर तामाङ्ग | " | ५ |
| ०३ | मानव तामाङ्ग | " | ५ |
| ०४ | विशाल हुमागाई | " | ५ |
| ०५ | विक्रम तामाङ्ग | " | ५ |
| ०६ | नम्रता अधिकारी | " | ५ |
| ०७ | स्वष्तिका सापकोटा | " | ५ |
| ०८ | निशा तामाङ्ग | " | ५ |
| ०९ | विविका हुमागाई | " | ५ |
| १० | गंगा वंजारा | " | ५ |
| ११ | चहाना पौडेल | श्री विहावर नि.मा.वि | ५ |
| १२ | रजिता लामा | " | ५ |
| १३ | अरिना लामा | " | ५ |
| १४ | सुधा श्रेष्ठ | " | ५ |
| १५ | संजिता सापकोटा | " | ५ |
| १६ | प्रज्जल सापकोटा | " | ५ |
| १७ | लक्ष्मण सापकोटा | " | ५ |
| १८ | विशाल लामा | " | ५ |
| १९ | विजय लामा | " | ५ |
| २० | सुरज सापकोटा | " | ५ |
| २१ | सविना सापकोटा | श्री सूर्यज्योति नि.मा.वि | ५ |
| २२ | ववित‍ा आचार्य | " | ५ |
| २३ | निशा के.सी | " | ५ |
| २४ | सोनिया आचार्य | " | ५ |
| २५ | मल्लिका तिमल्सिना | " | ५ |
| २६ | सुवास आचार्य | " | ५ |
| २७ | निरमान तामाङ्ग | " | ५ |

| | | | |
|---|---|---|---|
| २८ | विशाल अधिकारी | " | ५ |
| २९ | करण तामाङ्ग | " | ५ |
| ३० | सागर आचार्य | " | ५ |
| ३१ | दिपिक सापकोटा | श्री फुलचोकी नि.मा.वि | ५ |
| ३२ | विनिता आचार्य | " | ५ |
| ३३ | सरस्वती आचार्य | " | ५ |
| ३४ | विमला आचार्य | " | ५ |
| ३५ | सविता आचार्य | " | ५ |
| ३६ | सजन चौलागाई | " | ५ |
| ३७ | राजेश वजगाई | " | ५ |
| ३८ | विकास आचार्य | " | ५ |
| ३९ | पवन आचार्य | " | ५ |
| ४० | सुविन ढकाल | " | ५ |

**अनुसुची ४**

**शिक्षकहरूको पृष्ठभूमि**

| क्र.स | शिक्षकको नाम थर | ठेगाना | योग्यता र विशिष्टीकरण विषय | शिक्षण गर्ने विषय | मातृभाषा | तालिम | सेवाको किसिम | जाति | धर्म | उमेर | अनुभव |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

## अनुसूची ५

## छनोटमा परेका विद्यालयका प्रधानाध्यापकका लागि अन्तर्वार्ता निर्देशिका

विद्यालयको नामः

प्रधानाध्यापकको नामः

योग्यताः अनुभव वर्षः

शिक्षकका सम्वन्धमा

१. तपाईको विद्यालयमा कति जना शिक्षकहरू हुनुहुन्छ ?

........................................................................................................................

२. के शिक्षकहरूले आफूले विशिष्टीकरण गरेकै विषय पढाउनु हुन्छ ?

........................................................................................................................

३. कक्षा ५ को सामाजिक अध्ययन पढाउने शिक्षकहरू दक्ष,योग्य तथा अनुभवी हुनुहुन्छ ?

........................................................................................................................

४. यस विषयका लागि शिक्षण क्रियाकलापको लागि यस विद्यालयमा शैक्षिक सामाग्रीको अवस्था कस्तो छ ?

........................................................................................................................

५ विद्यालयमा नभएका शैक्षिक सामाग्रीहरूको आपूर्ति शिक्षकहरूले कसरी गर्नुहुन्छ ?

........................................................................................................................

६. शिक्षकले आफूले शिक्षण गर्ने विषयप्रतिको झुकाव कस्तो हुनुपर्छ ?

........................................................................................................................

७. शिक्षकले आफूले शिक्षण गर्ने विषयवस्तुको खोजी गरी शिक्षण गर्नुहुन्छ कि हुदैन ?

........................................................................................................................

८. शिक्षकहरूले विषयवस्तुको सुहाउँदो शिक्षण विधिको प्रयोग गर्नुहुन्छ की हुन्न ?

........................................................................................................................

९. शिक्षकहरूले शिक्षक केन्द्रित विधि अपनाउनु हुन्छ कि विद्यार्थी केन्द्रित ?

........................................................................................................................

१०. शिक्षक र विद्यार्थी विचको सम्वन्ध कस्तो छ ?

........................................................................................................................

११. शिक्षण क्रियाकलापका वेलामा शिक्षक र विद्यार्थीहरू कत्तिको सक्रिय भएको पाउनुहुन्छ ?

........................................................................................................................

१२. शिक्षकहरूले कक्षा कार्य र गृहकार्य कत्तिको गराउनु हुन्छ ?

........................................................................................................................

१३. शिक्षकहरूले शिक्षण क्रियाकलापको वेलामा मूल्याङ्कन प्रक्रिया पनि अगाढि वढाउनु हुन्छ ?

........................................................................................................................

१४. शिक्षकहरूले विद्यार्थीहरूलाई दण्ड र पुरस्कारको व्यवस्था कसरी गर्नुहुन्छ ?

........................................................................................................................

१५. शिक्षक र विद्यार्थीहरूले अतिरिक्त क्रियाकलाप प्रति कतिको चासो देखाउनुहुन्छ ?

.............................................................................................................................

१६. शिक्षकले कस्ता अतिरिक्त क्रियाकलापहरू गराउनु हुन्छ ?

.............................................................................................................................

१७. विद्यार्थी मूल्याङ्कन कुन कुन तरिकाले गर्नुहुन्छ ?

.............................................................................................................................

१८. कक्षा परीक्षा,पाठ परीक्षा,एकाई परीक्षा,मासिक परीक्षाको स्थिति कस्तो छ ?

.............................................................................................................................

१९. शिक्षकहरूले शिक्षण क्रियाकलापले के विद्यार्थीहरूको व्यवहार परिवर्तन गराउन सकेको छ ?

.............................................................................................................................

२०. शिक्षकहरूले कतिको प्रभावकारी ढंगवाट कक्षाकोठा व्यवस्थापन गर्नुहुन्छ ?

.............................................................................................................................

२१. शिक्षकहरूले मूल्याङ्कन गरी तपाईले उनीहरूलाई कस्तो दण्ड र पुरस्कार दिने गर्नुभएको छ ?

.............................................................................................................................

२२. शिक्षकहरूले कस्ता प्रकारका समस्याहरू भोगेको अनुभव गर्नुहुन्छ ?

.............................................................................................................................

२३. ती समस्याहरू समाधान गर्न के कस्ता उपायहरू अपनाउनु सकिन्छ ?

.............................................................................................................................

प्रधानाध्यापकको नाम ........................................

हस्ताक्षर ............................................

मिति ...........................................

## अनुसूची ६

## शिक्षकका लागि तयार गरिएको अन्तर्वार्ता निर्देशिका

१. तपाईले कुन विषयमा विशिष्टीकरण गर्नुभएको हो ?

..........................................................................................................................

२. आफूले  शिक्षण गर्ने विषयप्रति तपाईको रुची कस्तो छ ?

..........................................................................................................................

३. तपाई शिक्षक केन्द्रित विधि अपनाउनु हुन्छ कि विद्यार्थी केन्द्रित ?

..........................................................................................................................

४. तपाई शिक्षण सिकाइका कममा कुन कुन विधि अपनाउनु हुन्छ ?

..........................................................................................................................

५. शिक्षण क्रियाकलापका संचालनका क्रममा कक्षामा हो हल्ला भयो भने तपाई कसरी नियन्त्रण गर्नुहुन्छ ?

..........................................................................................................................

६. तपाई कक्षा क्रियाकलाहरू कसरी गर्नुहुन्छ ?

..........................................................................................................................

७. के तपाई दैनिक रूपमा गृहकार्य दिने  परीक्षण गर्ने कार्य गर्नुहुन्छ ?

..........................................................................................................................

८. शिक्षण क्रियाकलाप चलिरहेका वेला विद्यार्थीहरू कतिको सक्रिय रहेको पाउनुहुन्छ ?

..........................................................................................................................

९. शिक्षण क्रियाकलाप पश्चात विद्यार्थीहरूले विद्यार्थीहरूले विषय वस्तु वुझ्नेनवुझ्केको कसरी परीक्षण गर्नुहुन्छ ?

..........................................................................................................................

१०. तपाई कक्षाकोठामा पनि अतिरिक्त क्रियाकलाप संचालन गर्नुहुन्छ ?

..........................................................................................................................

११. तपाई अतिरिक्त क्रियाकलापहरू विषयवस्तु भित्रवाट गर्नुहुन्छ कि वाहिर वाट ?

..........................................................................................................................

१२. विद्यार्थी मूल्याङ्कन कुन कुन तरिकावाट गर्नुहुन्छ ?

.........................................................................................................................

१३. कक्षा परीक्षा, पाठ परीक्षा, एकाई परीक्षा मासिक परीक्षा पनि लिने गर्नुभएको छ ?

.........................................................................................................................

१४. तपाई कस्तो प्रकारको शैक्षिक सामाग्रीहरू प्रयोग गर्नुहुन्छ ?

.........................................................................................................................

१५. शैक्षिक सामाग्रीहरूको संकलन कसरी गर्नुहुन्छ ?

.........................................................................................................................

१६. शिक्षण क्रियाकलापको क्रममा तपाईको कस्ता समस्याहरू भोग्नु भएको छ ?

.........................................................................................................................

१७. ती समस्याहरू समाधान गर्न कस्ता उपायहरू कुन पक्षले अपनाउन सकिन्छ ?

.........................................................................................................................

१८. तपाईले शिक्षण पेशालाई कुन रूपमा लिनु भएको छ ?

.........................................................................................................................

१९. के तपाई शिक्षण पेशाप्रति सन्तुष्ट हुनुहुन्छ ?

.........................................................................................................................

२०. तपाईले विद्यार्थीलाई के कस्तो दण्ड र पुरस्कारको व्यवस्था गर्नु भएको छ ?

.........................................................................................................................

२१. विद्यालयले तपाईलाई के कस्ता अतिरिक्त सेवा सुविधाहरू उपलब्ध गराएको छ ?

.........................................................................................................................

२२. विद्यालयका शिक्षकहरू विच के कस्तो सहयोग र सहकार्य गर्नुहुन्छ ?

.........................................................................................................................

शिक्षकको नामः ..........................................

शिक्षण गर्ने विषयः.......................................

हस्ताक्षरः..................................................

मितिः.................................................

**अनुसुची ७**

**कक्षा अवलोकन फारम**

विद्यालयको नाम :

ठेगाना :

| क.स. | कक्षा अवलोकनमा समेटिएका पक्ष | मापन स्तर | | | |
|---|---|---|---|---|---|
| १. | **पूर्व शिक्षण क्रियाकलाप** | अत्युत्तम | मध्यम | निम्न | नभएको |
| क. | अगिल्लो दिनको गृहकार्य परीक्षण | | | | |
| ख. | पाठ आरभ्म पूर्वको उत्प्रेरणात्मक कार्य | | | | |
| ग. | पाठ्यवस्तुको पूर्वपाठसँगको संयोजन | | | | |
| २. | **शिक्षण क्रियाकलाप** | | | | |
| क. | शिक्षक विद्यार्थी विचको अर्न्तक्रिया | | | | |
| ख. | विद्यार्थी विद्यार्थी विचको अर्न्तक्रिया | | | | |
| ग. | समूह क्रियाकलाप | | | | |
| घ. | विद्यार्थी सहभागिता | | | | |
| ङ. | समस्यामुलक विद्यार्थीलाई उचारात्मक शिक्षणका प्रयास | | | | |
| च. | कक्षा कार्य | | | | |
| छ. | प्रश्नोत्तर प्रक्रिया | | | | |
| ज. | पाठ्यवस्तुको प्रस्तुति | | | | |
| ३. | **शिक्षण विधि (प्रयोग गरेको)** | | | | |
| क. | प्रवचन | | | | |
| ख. | छलफल | | | | |
| ग. | प्रश्नोत्तर | | | | |
| ४. | **शैक्षिक सामाग्रको प्रयोग** | | | | |
| क. | सवै विद्यार्थीले देख्न र प्रयोग गर्न सक्ने अवस्था | | | | |
| ख. | स्थानीय शैक्षिक सामाग्रीको प्रयोग | | | | |
| ५. | **मूल्याङ्कन** | | | | |
| क. | उद्देश्यसँग सम्वन्धित | | | | |
| ख. | सवै विद्यार्थीलाई समेटिएको | | | | |
| ६. | **गृहकार्य** | | | | |
| ७. | **पृष्ठपोषण** | | | | |

## अनुसुची ८

## विद्यार्थीका लागि सोधिएको प्रश्नावली

१. तपाईलाई सवैभन्दा सजिलो र गाह्रो विषय कुन हो ?

.......................................................................................................................

२. ति विषय गाह्रो र सजिलो लाग्नुको कारण के हो ?

.......................................................................................................................

३. कुन विषयलाई वढी महत्व दिएर अध्ययन गर्नुहुन्छ ?

.......................................................................................................................

४. शिक्षकले शिक्षण गर्दा कस्ता  शैक्षिक सामाग्रीको प्रयोग गर्नुहुन्छ ?

.......................................................................................................................

५. शैक्षिक सामाग्री निर्माण गर्दा शिक्षकले सहयोग माग्नु हुन्छ कि ?

.......................................................................................................................

६. शिक्षण क्रियाकलापका क्रममा  कुन विधिको प्रयोग गर्दा विषयवस्तु वुझ्न सजिलो हुन्छ जस्तो लाग्छ ?

.......................................................................................................................

७. शिक्षकले वढी विधिको प्रयोग गर्नु हुन्छ किन ?

.......................................................................................................................

८. शिक्षकले शिक्षण गर्दा कक्षाकोठामा सवैलाई समान व्यवहार गरेर गर्नुहुन्छ कि फरक फरक व्यवहार गर्नुहुन्छ ?

.......................................................................................................................

९. प्रयोगात्मक क्रियाकलापमा तपाईको सहभागिता हुन्छ कि हुदैन यदि हुदैन भने किन हुदैन ?

.......................................................................................................................

१०. सिकाइ प्रति उत्प्रेरणा जगाउन शिक्षकले के गर्नुहुन्छ ?

.......................................................................................................................

११. शिक्षकले शिक्षण गर्दा विद्यार्थी वीच छलफल गराउनु हुन्छ कि ?

.......................................................................................................................

१२. शिक्षकले प्रत्येक दिन गृहकार्य दिने  र उत्तरपुस्तिका परीक्षण गर्ने गर्नुभएको छ ?

.............................................................................................................................

१३. शिक्षकले जान्ने र नजान्ने विद्यार्थीका बीच भेदभाव गर्नुहुन्छ कि समान व्यवहार देखाउनु हुन्छ ?

.............................................................................................................................

१४. शिक्षकले कहिल्यै तपाईलाई पुरस्कार र दण्ड दिने गर्नु भएको छ ?

.............................................................................................................................

१५. शिक्षण क्रियाकलापका अलावा शिक्षकले अन्य कस्ता किसिमका अतिरिक्त क्रियाकलाप गर्नुहुन्छ ?

.............................................................................................................................

१६. शिक्षकले निरन्तर विद्यार्थीको मूल्याङ्कन गर्ने र तत्काल पृष्ठपोषण दिने गर्नुभएको छ ?

.............................................................................................................................

१७. तपाई यस विषयको शिक्षण क्रियाकलाप प्रति पूर्ण सन्तुष्ट हुनुहुन्छ ?

.............................................................................................................................

१८. सिकाइका क्रममा के कस्ता समस्या भोग्दै आउनु भएको छ ?

.............................................................................................................................

१९. ती समस्याहरू समाधान गर्न के गर्नु पर्ला जस्तो लाग्छ ?

.............................................................................................................................